**केन्द्रीय कार्यालय**
हरिहरभवन, ललितपुर
पोष्ट बक्स नं.: ९१८२, काठमाडौं
इमेलः nhrc@nhrcnepal.org
फोन नं.: ०१५०१००१५, १६, १७, १८
वेव साइटः www.nhrcnepal.org
फ्याक्स : ०१-५५४७९७३, ५५४७९७५
हटलाइन : ५०१००००

**क्षेत्रीय कार्यालयहरूः**

विराटनगर, बरगाछी चोक
फोन नं.: ०२१-४६१९३१, ४६१०९३
फ्याक्सः ०२१-४६११००

जनकपुर, देवीमार्ग
फोन नं.: ०४१-५२७८११, ५२७८१२
फ्याक्सः ०४१-५२७२५०

पोखरा जनप्रिय मार्ग
फोन नं.: ०६१-४६२८११, ४६३८२२
फ्याक्सः ०६१-४६५०४२

नेपालगञ्ज, शान्तिनगर
फोन नं.: ०८१-५२६७०७, ५२६७०८
फ्याक्सः ०८१-५२६७०६

धनगढी, उत्तर बेहेडी
फोन नं.: ०९१-५२५६२१, ५२५६२२
फ्याक्सः ०९१-५२५६२३

**उप-क्षेत्रीय कार्यालयहरू**

खोटाङ, दिक्तेल
फोन/फ्याक्स नं.: ०३६-४२०२८४

रूपन्देही, बुटवल
फोन नं.: ०७१-५४६९११
फ्याक्सः ०७१-५४७७६२

जुम्ला, खलङ्गा
फोन/फ्याक्स नं.: ०८७-५२०२२२


नेपाल सरकारको

# मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था

# अनुगमन प्रतिवेदन
# २०७३

वातावरण र दिगो विकास
मानव अधिकार शिक्षा
कानुनी सुधार र न्याय प्रशासन
आवास (सहरी विकास र आवास) संस्कृति खाद्य सुरक्षा
नेपालको अन्तर्राष्ट्रिय दायित्वको कार्यान्वयन
महिला, अपाङ्गता, ज्येष्ठ नागरिक र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक
सर्वोच्च अदालतको फैसला र राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन
समावेशी विकास शिक्षा संस्थागत सुदृढीकरण
बालबालिकाको अधिकार संरक्षण, विकास र बाल न्याय
हिरासत तथा कारागार सुधार
स्वास्थ्य, पोषण तथा जनसङ्ख्या
सङ्क्रमणकालीन न्याय र द्वन्द्वपीडित
श्रम तथा रोजगार

**राष्ट्रिय मानव अधिकार आयोग**
हरिहरभवन, ललितपुर, नेपाल

नेपाल सरकारको

# मानव अधिकार राष्ट्रिय कार्ययोजना

## कार्यान्वयन अवस्था

# अनुगमन प्रतिवेदन

## २०७३


**राष्ट्रिय मानव अधिकार आयोग**

हरिहरभवन, ललितपुर, नेपाल

## आयोगका पदाधिकारी

**अध्यक्ष**

माननीय अनूप राज शर्मा

**सदस्यहरू**

माननीय प्रकाश वस्ती

माननीय सुदिप पाठक

माननीय मोहना अन्सारी

माननीय गोविन्द शर्मा पौड्याल

**सचिव**

वेद भट्टराई

**प्रकाशक**
राष्ट्रिय मानव अधिकार आयोग
पो.ब.न. ९१८२, काठमाडौँ, नेपाल

**प्रकाशन मितिः** फागुन, २०७३

**प्रतिः १०००**

**प्रतिवेदन नंः २११**

**डिजाइन एण्ड सेटिङ्गः** राज कुमार महर्जन

**कभरपेज डिजाइनः** समन मानन्धर

**सर्वाधिकारः राष्ट्रिय मानव अधिकार आयोग**
आयोगको पूर्व-स्वीकृतिबिना यस प्रतिवेदनलाई पुनःउत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।

**संयोजन/लेखन**
बद्रीप्रसाद सुवेदी
गीता श्रेष्ठ

**सम्पादन**
कैलाशकुमार सिवाकोटी

# मन्तव्य

मानिसले सम्मानपूर्वक बाँच्न पाउने अधिकार नै मानव अधिकार हो। यो मानिसको जन्मसँगै नैसर्गिक रूपमा प्राप्त हुने र अन्तर्राष्ट्रिय कानुनी संयन्त्रहरूद्वारा व्यवस्थित एवम् समयानुकूल अद्यावधिक हुँदै जाने विषय हो । मानव अधिकारलाई सामाजिक न्याय र विकाससँग पनि जोडेर हेरिन्छ । समग्रमा मानव जातिको सर्वाङ्गिण उन्नति र विकास (Comprehensive Development) नै यसको मूल ध्येय हो ।

अन्तर्राष्ट्रिय रूपमा स्थापित मानव अधिकारका सिद्धान्तहरूलाई आत्मसात गर्दै घरेलुकरण गर्ने र यी सिद्धान्तहरूको सम्मान, संरक्षण र परिपूर्ति गर्ने राज्यको दायित्व हो । यस सन्दर्भमा नेपालले मानव अधिकार सम्बन्धी दर्जनौं अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धिहरूको अनुमोदन गरी ती महासन्धिहरूको कार्यान्वयनमा प्रतिबद्धता जनाएको छ । ती प्रतिबद्धताहरूलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्नको लागि वि.सं.२०६१ सालदेखि नेपाल सरकारले मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना तर्जुमा गरी लागू गर्न थालेको छ । यसको कार्यान्वयन अवस्थाको अनुगमन गर्ने जिम्मेवारी आयोगमाथि रही आएको छ । हाल चौथो पञ्चबर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजना (वि.सं.२०७१-२०७६)को आधा अवधि पूरा भैसकेको छ । आयोगले यस कार्ययोजनाको तयारी र कार्यान्वयन पक्षको अनुगमन पनि शुरुदेखि नै निरन्तर गरिरहेको छ ।

चौथो कार्ययोजना कार्यान्वयनको मध्य-अवधिमा पूर्ण कार्यान्वयनको अपेक्षा गर्न सकिन्नँ । यद्यपि हालसम्म कार्ययोजनाको आधा अवधिमा कार्यान्वयनको अवस् थामा के-कति प्रगति हुन सक्यो, के-कस्ता कमी कमजोरीहरू रहे र सफल कार्यान्वयनको लागि नेपाल सरकारले के गर्नुपर्छ ? भनी यसको समीक्षा गर्नु सान्दर्भिक हुने ठानेको छु । यसै उद्देश्यअनुरूप आयोगले हालसम्म गरेको अनुगमन तथा अन्तरक्रियाहरूबाट प्राप्त तथ्यहरूलाई यस प्रतिवेदनमा समेटिएको छ । कार्ययोजनामा समेटिएका व्यक्तिका आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको व्यवहारमा पूर्णरूपमा कार्यान्वयन सहज छैन। यसको परिपूर्तिको लागि प्रतिबद्धतासँगै राज्यको पर्याप्त लगानीको आवश्यकता पर्दछ ।

आयोगको अनुगमनबाट प्राप्त तथ्यहरूलाई केलाउँदा कार्ययोजना कार्यान्वयनमा कमी कमजोरीहरू देखिएका छन् । एकातिर राज्यका उपलब्ध स्रोत साधनको अपर्याप्तताले आम मानिसका अधिकारहरू सुनिश्चित हुन नसकेको स्थिति छ भने अर्कोतिर राज्य संयन्त्रहरू नै कार्ययोजना कार्यान्वयनमा सुसूचित र पूर्ण प्रतिबद्ध हुन नसकेको देखिएको छ । यसकारण, यस प्रतिवेदनले नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजना हालसम्मको कार्यान्वयन अवस्थाको विश्लेषण गरी यसको पूर्ण कार्यान्वयनका लागि नेपाल सरकारलाई उपयुक्त मार्गनिर्देश गर्नेछ भन्ने विश्वास लिएको छु ।

अन्तमा, नेपाल सरकारको चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजनाको बारेमा अनुशिक्षण एवम् विभिन्न कार्यशाला तथा अन्तरक्रियाहरूमा सक्रिय सहभागी भई अनुगमनको क्रममा जिल्ला जिल्लामा पुगी तथ्य सङ्कलन गर्नुहुने मेरा सहकर्मी माननीय सदस्यहरू, सचिव, आयोगका केन्द्रीय, क्षेत्रीय र उप-क्षेत्रीय कार्यालयका सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु । साथै, यो प्रतिवेदन तयारीका लागि लगनशीलतापूर्वक कार्य गर्नुहुने अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखाका निमित्त प्रमुख श्री बद्रीप्रसाद सुवेदी तथा मानव अधिकार अधिकृत श्री गीता श्रेष्ठ र प्रतिवेदनको भाषा सम्पादन गर्नुहुने मानव अधिकार अधिकृत श्री कैलाशकुमार सिवाकोटीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**अनूप राज शर्मा**
अध्यक्ष

# प्रतिवेदन सम्बन्धमा

मानव अधिकार सबैको चासो एवम् सरोकारको विषय हो । समयको गतिसँगै मानव अधिकारको क्षेत्राधिकार क्रमिक रूपमा वृद्धि हुँदै गएको छ । नवीन मुद्दाहरू स्थापित भइरहेका छन् । मानव अधिकार संस्कृतिको विकासबिना सभ्य समाजको परिकल्पना सम्भव छैन । प्रत्येक व्यक्ति, वर्ग र समुदायको मानव अधिकार सुनिश्चितताको लागि मानव अधिकार संस्कृतिको विकास आवश्यक हुन्छ ।

राष्ट्रिय मानव अधिकार आयोगले संवैधानिक/कानुनी सीमाभित्र रही मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने कार्यमा आफूलाई केन्द्रित गर्दै आएको छ । **"सबैका लागि घर-घरमा मानव अधिकार, शान्ति र विकासको आधार"** भन्ने आयोगको अवधारणालाई सार्थक रूप प्रदान गर्न प्रवर्द्धनसम्बन्धी विभिन्न कामकारबाहीहरू अगाडि बढाएको छ । यस सन्दर्भमा मानव अधिकारसँग सरोकार रहेका विषयहरूको प्रकाशन र वितरण हुँदै आएको छ ।

यसै क्रममा आयोगले **"नेपाल सरकारको चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्थाको सङ्क्षिप्त अनुगमन प्रतिवेदन"** प्रकाशनमा ल्याएको छ । मानव अधिकारको सम्बर्द्धन र संरक्षणमा सहयोग पुऱ्याउनका साथै मुलुकमा मानव अधिकार संस्कृतिको विकास गर्नु राष्ट्रिय कार्ययोजनाको आधारभूत उद्देश्य रहेको छ । विकासलाई मानव अधिकारसँग जवसम्म जोडिँदैन, त्यो मानव अधिकारको अभिन्न अङ्ग बन्न सक्दैन र शान्ति र विकासको अनुभूति पनि हुन सक्दैन । यस यथार्थलाई मनन गरी अष्ट्रियाको भियनामा सन् १९९३ को राष्ट्रसङ्घीय विश्व मानव अधिकार सम्मेलनले संयुक्त राष्ट्रसङ्घका प्रत्येक सदस्य राष्ट्रहरूलाई मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना बनाई प्रभावकारी रूपमा लागू गर्न आह्वान गऱ्यो । नेपालले पनि यी दायित्व पूरा गर्न आ.व.२०६१/२०६२ बाट मानव अधिकार राष्ट्रिय कार्ययोजना तर्जुमा गरी लागू गर्न थालेको हो । अहिले चौथो कार्ययोजना आ.व. २०७१/०७२-२०७५/०७६ चलिरहेको छ। मानव अधिकारको व्यावहारिक कार्यान्वयनको प्रमुख उत्तरदायी निकाय सरकार र यसका अङ्गहरू नै हुन् । राज्यको तहबाट मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नेपाल पक्ष

रहेका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू र प्रचलित नेपाल कानुनले प्रत्याभूत गरेका अधिकारहरूको पालनासम्बन्धी दायित्व निर्वाहको क्रममा कार्यहरू भइरहे पनि पर्याप्त सन्तोष गर्ने ठाउँ छैन । मानव अधिकार कार्ययोजनाको प्रवर्द्धन, कार्यान्वयन, स्वामित्व ग्रहण, केन्द्रिय र जिल्ला स्तरीय समितिहरूको नियमित बैठक एवम् आवधिक प्रतिवेदन गर्ने जस्ता कार्यहरूलाई प्रभावकारी बनाउन जरूरी छ ।

यस प्रतिवेदनले नेपाल सरकारको चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनको प्रारम्भिक अवस्थाबारे जानकारी गराउने, मानव अधिकार प्रतिको प्रतिबद्धतालाई व्यवहारिक रूपमा सुनिश्चित गर्न जोड दिने लगायतका उद्देश्यहरू राखेको छ । मानव अधिकार राष्ट्रिय कार्ययोजनाको नियमित अनुगमनबाट सरकारलाई खास-खास विषयमा सचेत गराउने तथा सहयोग पुर्‍याउने कार्य हुँदै आइरहेको छ । हाल यस सम्बन्धमा भइरहेका कार्यहरू, कार्यान्वयन अवस्था आदिको सन्दर्भमा आयोगको केन्द्रीय, क्षेत्रीय र जिल्लास्तरमा स्थलगत अनुगमन, सरोकारवालाहरूसँगको छलफल/अन्तरक्रियाबाट प्राप्त तथ्यहरूको आधारमा यो प्रतिवेदन सार्वजनिक गरिएको छ। प्रस्तुत प्रतिवेदनले विशेषतः सरकारलाई आफ्नो दायित्त्व निर्वाह गर्न यथेष्ट मार्गनिर्देश गर्नेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, यसको अनुगमन तथा महत्त्वपूर्ण प्रकाशन कार्यमा योगदान गर्नुहुने सम्पूर्णमा विशेष धन्यवाद दिँदै भावी दिनहरूमा पनि यस प्रकृतिका कार्यहरूको निरन्तरताको अपेक्षा गर्दछु ।

**मोहना अन्सारी**
सदस्य/प्रवक्ता

# विषय–सूची

## परिच्छेद–एक

### परिचय


१. पृष्ठभूमि — १

२. प्रतिवेदनको उद्देश्य — ३

३. प्रतिवेदन तयारी विधि — ३

४. प्रतिवेदनको सीमा — ४


## परिच्छेद–दुई

### चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना (२०७१–२०७६) कार्यान्वयनको अवस्था


१. कार्ययोजनाको तर्जुमा र प्रवर्द्धन — ६

२. कार्ययोजनाअनुरूप गठित संयन्त्रहरूको सक्रियता — ७

३. कार्ययोजना कार्यान्वयन अवस्था — ८

४. कार्ययोजना कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीहरू — २६


## परिच्छेद–तीन

### निष्कर्ष र सुझावहरू


१. निष्कर्ष — २८

२. सुझाव तथा सिफारिशहरू — ३०

कार्यक्रमका केही झलकहरू — ३२

# परिच्छेद–एक

# परिचय

## १. पृष्ठभूमि

मानव अधिकार, शान्तिसुरक्षा र विकास संयुक्त राष्ट्र सङ्घका तीन खम्बाहरू हुन् । यिनै खम्बाहरूमा आधारित भएर मानव अधिकारको विषयलाई साझा मापदण्डको रूपमा लिइने गरेको पाइन्छ। मानव अधिकारले व्यक्तिको व्यक्तिगत र सामूहिक पहिचानको मर्यादा र स्वतन्त्रताको दाबी गर्दछ। मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्नु राज्यको दायित्व हो । अन्तर्राष्ट्रिय कानुनमा हरेक व्यक्तिको मानव अधिकारको सिर्जना विश्वव्यापी रूपमा निर्धारण गरिएता पनि राष्ट्रिय कानुनहरूमा मानव अधिकार संरक्षण र सम्वर्द्धन गर्ने प्रावधान तथा प्रणालीहरूको व्यवस्था गरिएको हुन्छ ।

मानव अधिकारका विविध अन्तर्राष्ट्रिय महासन्धिहरू निर्माण भइरहेको परिवेशमा महासन्धिहरू कार्यान्यन गर्नको लागि संयुक्त राष्ट्रसङ्घले विभिन्न अवधारणाहरू प्रयोगको क्रममा कल्याणकारी,आवश्यकतामुखी हुँदै अधिकारमुखी अवधारणाको विकासस्वरूप मानव अधिकार राष्ट्रिय कार्ययोजनाको आरम्भ भएको पाइन्छ । राष्ट्रिय कार्ययोजनाको आधारभूत उद्देश्य भनेको मानव अधिकारको सम्वर्द्धन र संरक्षणमा सहयोग पुऱ्याउनुका साथै मुलुकमा मानव अधिकार संस्कृतिको विकास गर्नु हो । यसै अनुरूप अष्ट्रियाको राजधानी भियनामा सन् १९९३ को राष्ट्रसङ्घीय विश्व मानव अधिकार सम्मेलनबाट संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूलाई मानव अधिकार राष्ट्रिय कार्ययोजना बनाई प्रभावकारी रूपमा लागू गर्न आह्वान गरिएपछि नेपालले पनि यो दायित्व पूरा गर्न आ.व.२०६१/२०६२ बाट मानव अधिकार राष्ट्रिय कार्ययोजना तर्जुमा गरी लागू गर्न थालेको हो । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय महासन्धिहरू र प्रचलित नेपाल कानुनले प्रत्याभूत गरेका अधिकारहरूको पालना गर्ने दायित्व र प्रत्येक नेपाली नागरिकको मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन एवम् कार्यान्वयनको उद्देश्यतर्फ राष्ट्रिय कार्ययोजना उन्मुख छ ।

मानव अधिकार राज्य र नागरिकबीचको सम्बन्ध जोड्ने पुल हो । यस सम्बन्धलाई व्यवहारमा उतार्ने प्रयासस्वरूप नेपाल सरकारले मानव अधिकारका अन्तर्राष्ट्रिय प्रावधानहरूलाई घरेलुकरण गरी यसको कार्यान्वयनको लागि राष्ट्रिय कार्ययोजना बनाई कार्यान्वयन गर्न शुरू गरेपश्चात् हालसम्म तीन वटा त्रिवर्षीय कार्यजोजनाको अवधि समाप्त भई चौथो पञ्च वर्षीय कार्ययोजना कार्यान्वयन क्रममा रहेको छ । पहिलो मानव अधिकार राष्ट्रिय कार्ययोजनाले विभिन्न ७ वटा, दोस्रोले १२ वटा, तेस्रोले १७ वटा मन्त्रालयलाई जिम्मेवार निकायको रूपमा राखेको छ । हाल विद्यमान सबै मन्त्रालयहरू जिम्मेवार निकायको रूपमा रहेका छन् । नेपाल सरकारको चौथो राष्ट्रिय कार्ययोजना (आ.व.२०७१/०७२ देखि २०७५/२०७६) लागू भएको आधा अवधि पूरा भइसकेको छ । यस कार्ययोजनामा मुख्य रूपमा १८ वटा विषयवस्तुहरू समेटिएका छन्, जसमा शिक्षा, स्वास्थ्य, पोषण तथा जनसङ्ख्या, श्रम तथा रोजगार, संस्कृति, कानुनी तथा न्याय-प्रशासन, वातावरण र दिगो विकास रहेका छन् । यसै गरी महिला, अपाङ्गता, ज्येष्ठ नागरिक र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, नेपालको अन्तर्राष्ट्रिय दायित्वको कार्यान्वयनलाई पनि समावेश गरिएको छ । यस अतिरिक्त,खाद्य सुरक्षा, सङ्क्रमणकालीन न्याय र द्वन्द्वपीडित, मानव अधिकार शिक्षा, समावेशी विकास, बालबालिका, आवासलाई पनि समेटिएको छ । सामाजिक सेवा र सुरक्षा, सर्वोच्च अदालतको फैसला र राष्ट्रिय मानव अधिकारको सिफारिस कार्यान्वयन, हिरासत तथा कारागार सुधार र संस्थागत सुदृढीकरण लगायतका विषयहरू रहेका छन् ।

मानव अधिकारको व्यवहारिक कार्यान्वयनको प्रमुख उत्तरदायी निकाय सरकार र यसका अङ्गहरू हुन् । मानव अधिकार राष्ट्रिय कार्ययोजनामा उल्लेख भएका अधिकारहरूको प्रभावकारी कार्यान्वयन र संरक्षणको लागि नेपालको संविधान, २०७२ ले पनि कानुनी तथा संरचनागत पूर्वाधारहरूको व्यवस्था र मौलिक हकहरूको सुनिश्चितता गरेको छ। राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन पक्षको स्वतन्त्ररूपमा अनुगमन गर्ने अधिकार हुने कुरा राष्ट्रिय कार्ययोजनामा नै उल्लेख गरिएको छ। कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकारलाई आवश्यक सुझाव दिने, मानव अधिकार अवस्थाको अनुगमन गरी नेपाल सरकारलाई उपयुक्त सुझाव तथा सिफारिस गर्ने दायित्व

पनि संविधान र कानुनतः आयोगलाई छ । यसरी, आयोगले कार्ययोजना कार्यान्वयनको अवस्थाको बारेमा जानकारी लिई सोही तथ्यहरूको आधारमा यो प्रतिवेदन तयार गरी प्रकाशन गरेको छ ।

## २. **प्रतिवेदनको उद्देश्य**

हुन त राष्ट्रिय कार्ययोजना लागू भएको आधा अवधिमै यसको पूर्ण कार्यान्वयनको अपेक्षा गर्न सकिन्नँ । तर यो कार्ययोजना पहिलो नभई चौथौ कार्ययोजना भएको कारणबाट सरकारले आफ्नो दायित्वबाट सहजै उन्मुक्ति पाउने अवस्था पनि रहँदैन । फलतः यस अवधिमा कार्यान्वयन अवस्था कस्तो रह्यो ? कार्यान्वयन कति हुन सक्यो ? कति बाँकी छ ? भन्ने कुरा नै अनुगमनको मापदण्ड हो । त्यसकारण यस अवधिमा कार्ययोजना कार्यान्वयनमा देखिएको प्रगति र कमिकमजोरीको लेखाजोखा र अबको बाटो के हुने ? भन्ने निर्दिष्ट गर्नु नै यस प्रतिवेदनको उद्देश्य रहेको छ ।

मुख्य रूपमा यस प्रतिवेदनका उद्देश्यहरू देहायबमोजिम छन्:

१) मानव अधिकार राष्ट्रिय कार्ययोजना, आ.व २०७१/२०७२–२०७५/२०७६ को कार्यान्वयनको अवस्थाको बारेमा सङ्क्षिप्त रूपमा जानकारी गराउने,

२) मानव अधिकारप्रतिको राज्यको प्रतिबद्धतालाई व्यवहारिक रूपमा सुनिश्चित गराउनमा जोड दिने र

३) मानव अधिकार कार्ययोजना पूर्ण कार्यान्वयनको लागि आवश्यक सिफारिश गर्ने ।

## ३. **प्रतिवेदन तयारी विधि**

यस प्रतिवेदनको तयारीको सन्दर्भमा निम्नलिखित विधिको अवलम्बन गरी तयार गरिएको छः

क) प्रतिवेदन तयारीको लागि टोली गठन,

ख) मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको सन्दर्भमा आयोगको उच्चस्तरीय अनुगमन तथा केन्द्रीय, क्षेत्रीय र जिल्लास्तरमा भएका स्थलगत अनुगमन प्रतिवेदनहरूको अध्ययन,

ग) विभिन्न जिल्लामा सरोकारवालाहरूसँग छलफल/अन्तरक्रियाबाट तथ्य सङ्कलन र सो को अध्ययन,

घ) प्रारम्भिक मस्यौदा प्रतिवेदनका सम्बन्धमा सरोकारवालाहरूसँग छलफल र

ङ) प्राप्त भएका तथ्य र सुझावहरूलाई समेटी प्रतिवेदन तयार ।

## ४. प्रतिवेदनको सीमा

नेपाल सरकारको चौथो पञ्चबर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजना तर्जुमा भई कार्यान्वयनमा आएको मध्य अवधि भएको छ। यस अवधिमा कार्ययोजनाले समेटेका सबै विषय वस्तुहरू र क्रियाकलापहरूको पूर्ण कार्यान्वयनको लेखाजोखा गर्ने समय भएको छैन । अतः यस प्रतिवेदनले कार्ययोजना कार्यान्वयनको प्रारम्भिक अवस्थालाई झल्काउने छ । प्रतिवेदन तयार गर्दा कार्ययोजनामा समावेश गरिएका विषयवस्तुहरू र सो सम्बन्धी क्रियाकलापहरूलाई मुख्य आधार बनाई आयोगले गरेको स्थलगत अनुगमन, अन्तरक्रिया, गोष्ठी, छलफल, पत्राचार र टेलिफोनमार्फत लिइएको जानकारीलाई सूचनाको प्रमुख स्रोतको रूपमा लिइएको छ ।

# परिच्छेद–दुई

## चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना (२०७१/२०७६) कार्यान्वयनको अवस्था

नेपाल सरकारले मानव अधिकार राष्ट्रिय कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्न लागेको १२ वर्ष व्यतित भइसकेको छ । राष्ट्रिय मानव अधिकार आयोगले यस कार्ययोजना निर्माण अघिको शुरु चरणबाट नै आफ्नो २१ बुँदे लिखित सुझावहरू प्रस्तुत गर्दै अनुगमनसमेत गर्दै आएको छ । आयोगले नेपाल सरकारको चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना लागू भएपश्चात् ५७ भन्दा बढी जिल्लाहरूमा स्थलगत अनुगमन गर्‍यो । केही जिल्लाहरूमा परोक्ष रूपमा कार्ययोजना कार्यान्वयनको अवस्थाबारे जानकारी लिएको थियो । बाँके, वर्दिया र सुर्खेतमा आयोगका माननीय अध्यक्ष अनूप राज शर्माको नेतृत्वमा माननीय सदस्य मोहना अन्सारी र सचिव वेद भट्टराईसमेतको टोलीबाट अनुगमन भयो ।

तीन जिल्लामा माननीय सदस्य प्रकाश वस्तीले अनुगमन टोलीको नेतृत्व गर्नुभयो भने चार जिल्लामा माननीय सदस्य सुदिप पाठक, पाँच जिल्लामा माननीय सदस्य मोहना अन्सारी र २८ जिल्लामा माननीय सदस्य गोविन्द शर्मा पौड्यालले अनुगमन टोलीको नेतृत्व गर्नुभएको थियो । माननीय सदस्य गोविन्द शर्मा पौड्यालको उपस्थितिमा पश्चिमाञ्चलका १६ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू, सुरक्षा निकायका प्रमुखहरू, स्थानिय विकास अधिकारीहरू, जिल्ला शिक्षा अधिकारीहरू तथा महिला विकास अधिकृतहरूलाई पोखरामा भेला गराई मानव अधिकार राष्ट्रिय कार्ययोजनाको सम्बन्धमा समिक्षात्मक कार्यशाला सम्पन्न भएको थियो । आयोगका सचिव वेद भट्टराईको नेतृत्वमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सह-सचिव तथा उप-सचिवसमेतको सहभागीतामा आठ वटा जिल्लाहरूमा अनुगमन तथा कार्ययोजनाको प्रवर्द्धनका कार्यक्रमहरू पनि भएका थिए । अन्य जिल्लाहरूमा आयोगका कर्मचारीहरूको टोलीले अनुगमन गरेको थियो । त्यसैगरी केही जिल्लाहरूमा टेलिफोनमार्फत र पत्राचारबाट समेत तथ्य सङ्कलनका कार्यहरू भए । हालसम्म गरिएका अनुगमन र लिइएको जानकारीबाट प्राप्त तथ्यहरू निम्नानुसार छन् :

## १. कार्ययोजनाको तर्जुमा र पवर्द्धन

क) कार्ययोजना तर्जुमा गर्दा सुझाव प्राप्त गर्ने अभिप्रायले सबै मन्त्रालयका उच्च-अधिकृत, आयोग लगायत सरोकारवालाहरूसँग अन्तरक्रिया, छलफल, गोष्ठि जस्ता कार्यक्रमहरू क्षेत्रीय स्तरमा सम्पन्न गरिए पनि कार्ययोजना कार्यान्वयनमा सबै जिम्मेवार तथा सहयोगी निकायहरू र सरोकारवालाहरूलाई समेटी व्यापक रूपमा परामर्श हुन नसकेको स्थिति रह्यो ।

ख) प्रकाशित कार्ययोजनाको एक/एक प्रतिसम्म पनि अधिकाँश जिल्ला प्रशासन कार्यालयमा नरहेको, अन्य सरकारी कार्यालयहरूलाई सो कार्ययोजनाको बारेमा जानकारीसम्म नभएको पाइयो । सो कार्ययोजना प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेवसाइटमा नेपाली भाषामा राखिएको भएता पनि त्यसलाई उतार गरी अध्ययन गर्ने कार्यमा प्राय: सरकारी निकायका अधिकारीहरू उदासीन रहेको देखियो ।

ग) कार्ययोजना तयारी पछि सबै जिल्लाहरूमा कार्यान्वयनको लागि केन्द्रीय स्तरबाट पत्राचार गरिएको, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, गृहमन्त्रालय र क्षेत्रीय प्रशासन कार्यालयहरूबाट बेलाबेलामा जिल्ला प्रशासन कार्यालयहरूलाई कार्यान्वयन र आवधिक प्रतिवेदनको लागि पत्रमार्फत निर्देशन दिने गरिएको पाइएको ।

घ) कार्ययोजनाको बारेमा जानकार कतिपय अधिकारीहरूले आफूमा प्राप्त ज्ञान, सूचना, जानकारी, प्रगति विवरण कार्यालयमा अभिलेखिकरण गर्ने, सरुवा भई आउने अधिकारीलाई विवरण हस्तान्तरण गर्ने लगायत संस्थागत अभिलेखराख्ने पद्धति बसाउन सकेको नपाइएको ।

ङ) मानव अधिकार कार्ययोजनाको बारेमा जानकार अधिकारीहरूमध्ये धेरैजसोले सो बारेमा अभिमुखीकरण/क्षमता अभिवृद्धिसम्बन्धी कुनै कार्यक्रम नभएकोले कार्यान्वयन र आवधिक प्रतिवेदनमा कठिनता भएको बताएको । कार्ययोजनाका विषयवस्तु र आफ्नो कार्यालयका नियमित कामहरूलाई जोडेर (link-up) हेर्न नसकिएको साथै यसमा अधिकाँश सरकारी अधिकारीहरू अनभिज्ञ रहेको ।

च) कार्ययोजना कार्यान्वयन एवम् समन्वय समितिका सदस्यहरू पनि कार्ययोजनाको बारेमा पर्याप्त जानकार रहे/भएको नपाइएको

फलस्वरूप सर्वसाधारणहरू यस विषयमा जानकार नभएको अवस्था रहेको ।

## २. कार्ययोजनाअनुरूप गठित संयन्त्रहरूको सक्रियता

क) मानव अधिकार राष्ट्रिय कार्ययोजनामा केन्द्रीय तहमा मुख्य सचिवको अध्यक्षतामा नेपाल सरकारका सबै मन्त्रालयका सचिवहरू, महान्यायाधिवक्ताको कार्यालय, राष्ट्रिय मानव अधिकार आयोगका सचिव समेतको सहभागिता रहने गरी केन्द्रीय कार्यान्वयन तथा अनुगमन समिति गठन गरिएको छ । त्यसैगरी जिल्ला तहमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सरकारी, पेशागत सङ्संस्थाहरू, पत्रकार महासङ्घसमेतको प्रतिनिधित्व रहने गरी जिल्लास्तरीय कार्यान्वयन तथा समन्वय समितिको गठनको व्यवस्था छ ।

ख) आयोगले कार्ययोजनाको कार्यान्वयन तथा जिल्लास्तरीय समिति गठनको बारेमा जानकारी लिँदा कतिपय जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूले कार्ययोजनाको बारेमा प्रथम पटक  थाहा पाएको र कतिपयबाट समिति गठन गर्न नभ्याएको भन्ने जवाफ दिएको पाइएको छ ।

ग) अधिकांश जिल्लाहरूमा समन्वय समितिको बैठक एक पटक पनि नबसेको, कार्ययोजनाको प्रवर्द्धनात्मक कार्य अत्यन्तै न्यून रहेको साथै जिम्मेवार अधिकारीहरूलाई कार्यान्वयन र आवधिक प्रतिवेदनको लागि बाध्य गराउन नसकिएको स्थिति रहेको छ ।

घ) केन्द्रीय अनुगमन तथा समन्वय समितिको बैठक हालसम्म जम्मा एक पटक बसेको आयोगको जानकारीमा रहेको छ ।

ङ) आयोगबाट अनुगमन गरिएका जिल्लाहरूमध्ये ताप्लेजुङ, पाँचथर, इलाम, धनकुटा, सङ्खुवासभा, झापा, सुनसरी, ललितपुर, बारा, रौतहट, रूपन्देही, बझाङ, दार्चुला र बैतडी जिल्लामा आयोगको अनुगमन टोली पुग्दाको बखतसम्म जिल्लास्तरीय समितिहरू गठन नभएको पाइयो ।

च) नियमित बैठक र समीक्षाको सम्बन्धमा जानकारी लिँदा आयोगको पटक पटकको पहलपछि बाँकेमा ४, धनुषा र रुकुममा ३, बर्दिया तीन, मोरङ, महोत्तरी र जाजरकोटमा दुई पटक, खोटाङ, भैरहवा,

कपिलवस्तु, सुर्खेत, दैलेख, रोल्पा, प्यूठान, दाङ सल्यान, डोल्पा र रामेछापमा एक-एक पटक जिल्लास्तरीय कार्यान्वयन तथा अनुगमन समितिको बैठकमा राष्ट्रिय मानव अधिकार आयोगका प्रतिनिधिलाई समेत आमन्त्रण गरी सहभागी गराइएको पाइएको छ ।

छ) जिल्लास्तरीय समिति गठन भएका जिल्लाहरूमा पनि नियमित बैठक बस्ने, समीक्षा गर्ने, कार्यान्वयनको लागि पहल गर्ने एवम् आवधिक प्रतिवेदन गर्ने कार्यमा सक्रियता रहेको पाइएन ।

ज) जिल्लास्तरीय समिति गठन भएका अधिकांश जिल्लाहरूमा बैठक नबसेको, केहि जिल्लाहरूमा भएका बैठकहरूको पनि स्पष्ट अभिलेखीकरण नभएको र सो संयन्त्रमा सदस्य रहेका व्यक्तिलाई आफू सदस्य भएको कुरा स्मरणमा समेत नरहेको स्थिति रहेको पाइयो ।

झ) केही जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट यो कार्ययोजना राष्ट्रिय मानव अधिकार आयोगको कार्ययोजना भएको र यसको कार्यान्वयन गर्ने कार्यमा आयोगले नै चासो दिनुपर्ने कुरा व्यक्त भएबाट चौथो चरणको कार्ययोजनाको मध्यावधि सम्ममा पनि यस बारेमा स्पष्टता नभएको प्रष्ट देखियो ।

ञ) अनुगमन समेतको कार्यगर्न गठित केन्द्रीय अनुगमन तथा समन्वय समितिको निष्कृयताले कार्यान्वयन अवस्थाको अनुगमन गर्ने, आवश्यक निर्देशन दिने, समस्या र चुनौतिहरूको सामना गर्न आवश्यक स्रोतसाधन, ज्ञान दिनेजस्ता कार्य नभएको पाइएको छ ।

ट) पछिल्ला दिनहरूमा आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालय समेतको सक्रियताले जिल्लास्तरीय संयन्त्रको जागरुकता भने बढेको पाइएको छ । यसैक्रममा आयोगले सोलुखुम्बु, ओखलढुङ्गा, अर्घाखाँची आदि जिल्लाहरूमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग संयुक्त रूपमा यस सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरेको थियो ।

## ३. **कार्ययोजना कार्यान्वयन अवस्था :**

राष्ट्रिय मानव अधिकार आयोगले यस कार्ययोजनाका सम्बन्धमा गरेको अनुगमनबाट प्राप्त तथ्यअनुसार मानव अधिकार अवस्थामा विगतको

तुलनामा सुधारका सूचकहरू देखिएका छन् । समग्रतामा हेर्दा साक्षरता दरमा वृद्धि, नागरिकका अधिकारहरू र आफ्नो दायित्वप्रति सरकारका निकायहरू सजग हुँदै गएको अवस्था छ । मानव अधिकार शिक्षामा व्यापकता, वातावरण र विकासमा सचेतना वृद्धि, घरेलु तथा महिला हिंसाका घटनाहरूको उजागर र त्यस प्रकारका घटना सम्बन्धमा सरकारी निकायहरूको सजगतामा वृद्धि, द्वन्द्व-पीडितहरूले सरकारबाट केही मात्रामा भए पनि अन्तरिम राहत प्राप्ति एवम् संस्थागत सुधारका कामहरूले गति लिँदै गएको अवस्था छ । यी सकारात्मक परिवर्तनहरूका बाबजुद् पनि आम मानिसको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको उपभोगमा उल्लेखनीय सुधार आउन सकेको देखिदैन ।

कार्ययोजनाले तय गरेका मानव अधिकारका विविध विषयहरूको कार्यान्वयनको सम्बन्धमा आयोगले गरेको अनुगमनबाट प्राप्त तथ्यहरूको सङ्क्षिप्त विवरण निम्नानुसार रहेको छ :

**क) शिक्षा**

प्रत्येक वर्ग तथा तहका जनसमूहसम्म शिक्षाको पहुँच स्थापित गर्ने, माध्यामिक तहसम्मको शिक्षालाई निःशुल्क उपलब्ध गराउने लगायत शिक्षामा सुशासन कायम गरी जीवनोपयोगी र गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्नेतर्फ चौथो पञ्च वर्षीय कार्ययोजना लक्षित छ । तर पनि आयोगले गरेको अनुगमनवाट शिक्षामा समान र सहज पहुँचबाट दुर्गम क्षेत्रका बालबालिकाहरू वञ्चित हुनुपर्ने अवस्था छ । कक्षा छोडी श्रम गर्नुपर्ने बाध्यता, रोजगारीको लागि छिमेकी मुलुकहरूमा विदेशिनुपर्ने अवस्था यथावत रहेको पाइएको छ ।

विद्यालयहरूको आवश्यक भौतिक संरचनाहरूको अभाव तथा भएका संरचनाहरू पनि नाजुक अवस्थामा रहनु, विद्यालयमा आवश्यक दरबन्दीका शिक्षकहरूको व्यवस्था नहुनु, भएका दरबन्दीका शिक्षकहरू पनि विद्यालयमा नजानु, कतिपय विद्यालयहरूमा शिक्षकहरूका गलत आचरण तथा दक्षतामा कमी आदि कारणहरूले विशेषतः ग्रामीण भेगका विद्यालयहरूमा शिक्षाको गुणस्तर निकै कमजोर रहेको पाइएको छ । डोटी, बाजुरा, अछाम, दैलेख लगायतका ग्रामीण जिल्लाहरूमा बाल विवाहका कारण बालिकाहरूले विद्यालय छोड्नुपर्ने, दलित विद्यार्थीको नाममा आएको छात्रवृतिको रकम अन्य भौतिक निर्माण कार्यमा लगाइने, दलित विद्यार्थीहरूलाई भनी

छुट्याइएको रकम शिक्षकको तलबमा खर्च गर्ने अवस्था विद्यमान रहेको आयोगको अनुगमनवाट देखिएको छ। विपन्न सिमान्तकृत र अपाङ्गता भएका व्यक्तिहरूको शिक्षामा पहुँच सुनिश्चित गर्ने कार्ययोजनाको उद्देश्यअनुरूप अब बन्ने विद्यालय भवनहरू अपाङ्गमैत्री तथा छात्रामैत्री बनाइने कुरामा सबैको चासो रहेता पनि यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । प्रायः विद्यालयहरूमा छात्र र छात्राको लागि अलग-अलग शौचालय बनेका छैनन् भने बनेका स्थानहरूमा पर्याप्त पानीको अभाव हुँदा छात्राहरू विद्यालय जान हिच्किचाउने गरेको पाइएको छ । अछाम, डोटी, बाजुरा लगायतका जिल्लाहरूमा रहेका एचआइभी एड्स पीडित तथा प्रभावित बालबालिकाहरूले विद्यालयमा समेत भोग्नुपरेको भेदभावपूर्ण व्यवहारका कारण विद्यालय छोड्नुपरेको अवस्था पनि छ । सुदूरपश्चिम, मध्यपश्चिम एवम् दुर्गम जिल्लाहरूमा समयमा नै पाठ्यपुस्तक नपुग्दा विद्यार्थीलाई पठनपाठनमा प्रत्यक्ष रूपमा असरपर्न गएको पाइएको छ । लोपोन्मुख, विपन्न तथा सीमान्तकृत वर्गका बालबालिकाहरू पूर्णतः शिक्षाको अधिकारबाट वन्चित रहेका छन् ।

राजनैतिक दलहरूले विद्यार्थीहरूलाई आफ्ना विरोध एवम् आन्दोलनका कार्यक्रमहरूमा सहभागी गराउने तथा शिक्षकहरू आफैं राजनीतिक कार्यक्रमहरूमा सरिक हुने कार्य अझै पनि रोकिएको छैन। नयाँ बन्ने संविधानको विषयलाई लिएर शुरु भएको तराई-मधेश लगायत मुलुकका विभिन्न भागमा आन्दोलन, बन्द, आम हड्ताल लामो समयसम्म चलिरहँदा त्यस क्षेत्रका विद्यालयहरू पूर्णतः बन्द हुन पुगे। यस्ता किसिमका राजनीतिक आन्दोलनहरूका कारण बालबालिकाहरू शिक्षाको अधिकारवाट वञ्चित रहँदै आउनुपरेको अवस्था रहेको छ ।

### ख) स्वास्थ्य, पोषण तथा जनसङ्ख्या

सुदूर पश्चिमका डोटी, अछाम, बझाङ, बाजुरा, दार्चुला, मध्य-पश्चिमका कर्णाली अञ्चलका जिल्लाहरू तथा अन्य पहाडी भेगका दुर्गम क्षेत्रहरूमा वर्षेनी खाद्यान्न अभाव हुने गरेको पाइएको छ । करिब ६० हजार जनसङ्ख्या रहेको हुम्ला र मुगु जिल्लामा मुख्य रूपमा कुपोषणको समस्या रहेको छ। कार्ययोजनामा उल्लेखित कार्यान्वयन सूचकअनुसार बाल मृत्युदर तथा मातृ मृत्युदरमा कमी आएको तथ्याङ्कले देखाएको छ। आम नागरिकको पोषणप्रति अभिरुचि

वृद्धि भई रोग प्रतिरोधात्मक क्षमतामा वृद्धि भएको र पोषणसम्बन्धी आम नागरिकको व्यवहार परिवर्तनसम्बन्धी तथा पोषणमा अनुसन्धान प्रणालीको विकास र बिस्तार यथेष्ट मात्रामा हुन सकेको छैन । सरकारले पोषण कार्यक्रम लागू गरेता पनि त्यो न्यून रूपमा विद्यालयमा मात्र सीमित रहेको अवस्था छ । पहाडी भेगमा मात्र कुपोषणको समस्या नरही तराईका केही स्थानहरूमा पनि कुपोषित बालबालिकाहरू रहेको तथ्यहरू सार्वजनिक भएका छन् । कान्तिपुर दैनिकमा २०७३ मङ्सिर ४ मा प्रकाशित समाचारअनुसार सप्तरी, बाजुरा र कालिकोटमा गरिएको अध्ययनले ४१% बालबालिकामा उमेरअनुसार उचाइ नभएको, ११% शीघ्र कुपोषणको शिकार भएको, २.५% कडा शीघ्र कुपोषणको शिकार भएको, ४६% पाँच वर्ष मुनिकामा रक्तअल्पता, ६९% छ महिनामाथि र दुई वर्षमुनिकामा रक्तअल्पता भएको देखाएको छ ।

प्रजनन् स्वास्थ्यको अधिकार अझै सुनिश्चित हुन सकेको छैन भने मातृशिशु कार्यक्रम न्यून रहेको अवस्था छ । सरकारले निःशुल्क रूपमा उपलब्ध गराउने पाठेघरको शल्यक्रिया, सुत्केरी भत्ता, लगायत प्रजनन स्वास्थ्यसम्बन्धी विविध चेतनामूलक कार्यक्रमहरूको बारेमा बेखबर हुँदा ग्रामीण भेगका अधिकाँश महिलाहरू पाठेघरको समस्यालगायत प्रजनन स्वास्थ्यसम्बन्धी समस्याहरूबाट पीडित भैरहेको अवस्था छ । सुरक्षित गर्भपतन, सुरक्षित सुत्केरी गराउने बारेको जानकारी अझै पनि पर्याप्त मात्रामा गाउँघरमा पुऱ्याउन नसक्दा घरमै सुत्केरी गराउन प्रयास गर्ने र अन्तिम अवस्था भएपछि मात्र स्वास्थ्य केन्द्र तथा अस्पताल लैजाने प्रचलन अद्यापि छ । यसका साथै सुविधासम्पन्न अस्पतालसम्मको पहुँच नहुँदा गर्भवती महिलाहरूले अकालमा ज्यान गुमाउनुपरेको घटनाहरू विद्यमान नै छन् । प्रभावकारी सचेतनामूलक कार्यक्रमहरू, भरपर्दो हवाईसेवा वा सडक यातायातको अभावमा सामान्य बिरामी तथा प्रशव वेदनाका महिलाहरूले असमयमै जीवन गुमाउनुपरेको अवस्था छ ।

आम नागरिकमा स्वास्थ्य चेतनाको कमी, स्वास्थ्य उपचार केन्द्रहरूमा भौतिक स्रोतसाधनको कमीले अत्यावश्यकीय स्वास्थ्य सेवा उपलब्ध गराउने कार्य कठिन बनेको छ । सरकारले निःशुल्क उपलब्ध गराउने भनिएका ७० प्रकारका औषधीहरू पर्याप्त र गुणस्तरयुक्त नहुनु,

जिल्ला अस्पतालहरूमा औषधी रचिकित्सकहरू आवश्यकताअनुसार उपलब्ध हुन नसक्नुजस्ता कारणबाट स्वास्थ्य संरक्षण तथा पवर्द्धन गर्ने कार्ययोजनाको उद्देश्य हासिल गर्न चुनौती रहेको देखिन्छ । ग्रामीण भेगका स्वास्थ्य केन्द्रहरूमा पठाइने औषधिहरू ढुवानी प्रकृयाको जटिलताले समयमा पुग्न नसक्ने तथा म्याद नाघ्न लागेका औषधीहरू पुग्ने, स्थानीय आवश्यकताभन्दा पनि हचुवाको भरमा औषधी पठाइने प्रवृत्तिले गर्दा आवश्यक औषधी उपलब्ध नहुने र आवश्यकता बेगरको औषधीको थुप्रो लाग्ने गरेको पाइएको छ । नेपाल सरकारले हालै मात्र अस्पतालहरूको ओपीडी समय बढाई ५:०० बजेसम्म सेवा सञ्चालन गर्ने भनी निर्देशन गरेता पनि अधिकाँश अस्पतालहरूले यसको पालना गरेको पाइएको छैन ।

## ग) श्रम तथा रोजगार

स्वदेशमा रोजगारीका अवसरको कमीको कारण वैदेशिक रोजगारीमा जाने नेपाली युवायुवतीहरूको सङ्ख्या बढ्दो छ । बाजुरा, डोटी, दार्चुला, अछाम, कालिकोट, दैलेख, जाजरकोट, सल्यान रुकुम रोल्पा जिल्लाका युवाहरू कामको खोजीमा भार तका विभिन्न ठाउँहरूमा जाने गरेको तथा हुम्ला, डोल्पा, कालिकोटका थुप्रै युवाहरू ल्हासा लगायत सीमाक्षेत्रका बजारहरूमा रोजगारको लागि जाने गरेको पाइएको छ । यी जिल्लाहरूबाहेक तराई-मधेशका जिल्लाहरूबाट पनि युवाहरूको ठूलै सङ्ख्या वैदेशिक रोजगारीको लागि तेस्रो मुलुकतर्फ पलायन हुने स्थिति बढ्दो छ । यस्तो अवस्थामा नेपाल सरकारले वैदेशिक रोजगारमा जाने कामदारहरूको लागि दक्ष र सीपमूलक तालिमहरूको व्यवस्था प्रभावकारी रूपमा सिर्जना गर्न सकेको छैन । ती कामदारहरूको वैज्ञानिक अभिलेख प्रणाली, उद्धार कार्य, कामदाररूको परिवारको सामाजिक सुरक्षालगायतका विषयहरूमा सरकारले आवश्यक समन्वय र सुनिश्चितता गर्न सकेको देखिँदैन । सरकारले देशभित्र भरपर्दो उद्योगधन्दाको विकास गरी रोजगारी दिनेभन्दा पनि जोखिमपूर्ण रहेको वैदेशिक रोजगारीलाई प्रश्रय दिएको अवस्था छ ।

वैदेशिक रोजगारीमा जाने क्रममा श्रम कार्यालयबाट लिनुपर्ने श्रम स्वीकृती स्टिकरको लागि आम नागरिकले काठमाडौंमा नै धाउनुपर्ने बाध्यता अद्यापि

छ । विदेशमा रोजगारीमा रहेका बेला मृत्यु भएकाहरूको शव ल्याउन, घाइतेहरू र विविध कारणबाट ठगिएकाहरूको उद्धारको लागि नेपाल सरकारको पर्याप्त ध्यान र सकियता पुग्न सकेको छैन। बैदेशिक रोजगारीमा गएका श्रमिकहरूले पाउनुपर्ने सामाजिक सुरक्षा, कामको सुरक्षा र प्रत्याभूति र न्याय प्राप्तिको लागि भोग्नुपरेको समस्या समाधानको लागि नेपाल सरकारले उचित व्यवस्था गर्न सकेको देखिँदैन । विप्रेषण (रेमिटेन्स) को सहज आगमन र उत्पादनशील उपयोग गरी विकासको लागि लगानीमैत्री वातावरणको सिर्जना गरी स्वदेशमा नै रोजगार तथा स्वरोजगारको वातावरणको लागि कार्ययोजनाअन्तर्गतका उद्देश्यहरूको कार्यान्वयनमा सबै सरोकारवाला निकायहरूलाई यथेष्ट मात्रामा सक्रिय गराउन सकेको पाइँदैन ।

**घ) संस्कृति**

संस्कृतिसम्बन्धी अधिकारहरूको प्रचलन, संरक्षण र सम्वर्द्धन गर्ने उद्देश्य पनि कार्ययोजनाले लिएको देखिन्छ । आम नागरिकको तहमा हेर्दा साँस्कृतिक अधिकारको प्रचलनमा खासै अवरोध भएको पाइँदैन । आफ्नो भेषभूषाको प्रयोग, भाषाहरूको संरक्षण र प्रवर्द्धनमा कुनै बाधा नपरेको भएता पनि राज्यले साँस्कृतिक अधिकारको संरक्षणको लागि गर्नुपर्ने दायित्व पूरा गर्न सक्रियता देखाएको पाइँदैन । विभिन्न धर्म, संस्कृतिका मानिसहरूको सानो तर संवेदनशील विषयमा पनि गम्भीरतापूर्वक सम्बोधन हुन सकेको पाइएन ।

विगत समयमा तराई-मधेशमा भएका राजनीतिक आन्दोलनको क्रममा पहाडी र मधेशी मुलका जनसमुदायहरूबीच तथा थारु र पहाडी मूलका जनसमुदायमा सदियौँदेखिको सद्भाव र सम्बन्धमा दीर्घकालीन असर पर्ने आशङ्का उत्पन्न भए पनि त्यस्तो अवस्था आउन नदिइनु सकारात्मक पक्ष रहेको छ ।

ङ) **कानुनी सुधार र न्याय–प्रशासन (कानुन निर्माण र सुधार तथा अदालत)**

संविधान सभाबाट नयाँ संविधान बनाउने क्रममा मुलुकभर राय-सुझाव सङ्कलन गरी प्राप्त भएका सुझावहरूलाई यथासम्भव संविधानमा समेट्ने प्रयास गरिएको पाइएको छ। संविधानमा राष्ट्रिय मानव अधिकार आयोगबाट दिइएका सुझावहरूलाई पनि धेरै हदसम्म सम्बोधन गरिएको पाइन्छ। नयाँ

बन्ने तथा भएका कानुनहरूमा संशोधन गर्ने सिलसिलामा ती कानुनहरू मानव अधिकारमैत्री बनाउने उद्देश्यले आयोगको राय लिने परम्पराको शुरुवात भएको छ । संविधान कार्यान्वयनको लागि १९३ वटा कानुनहरू परिमार्जन भैरहेको, ११० वटा विषयमा सङ्घीय कानुन, २२ वटा विषयमा प्रदेश कानुन र छ वटा विषयमा स्थानीय कानुन निर्माण गर्नुपर्ने पहिचान गरी प्राथमिकीकरण गरी सोही आधारमा कामकारबाही अगाडि बढिरहेको बुझिएको छ । यातना दिने कार्य, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार (नियन्त्रण) विधेयक संसदमा पेश भएको, बालबालिकासम्बन्धी नयाँ ऐनको विधेयक तर्जुमा भएको, बलात्कारको घटनामा उजुरी दर्ता गर्ने समय सीमा ३५ दिनबाट छ महिना पुऱ्याइएको लगायतका कानुनी सुधारका कामहरू भइरहेको पाइएको छ ।

मुद्दामा पक्षहरूलाई छिटो न्याय दिलाउने उद्देश्यले अदालतहरूमा मेलमिलाप केन्द्रहरूको स्थापना, मेलमिलापबाट टुङ्गिन सक्ने विषयका मुद्दाहरूमा निर्णय गर्नुअघि मेलमिलाप केन्द्रमा पठाउने परिपाटी अधिकांश अदालतहरूमा रहेभएको पाइएको छ । यति हुँदाहुँदै पनि न्यायालयमा पर्याप्त न्यायाधीशहरूको अभाव हुनु, सरुवा भई गएका न्यायाधीशहरूको समयमा प्रतिस्थापन नहुनु, न्यायिक प्रक्रियामा अनुचित ढिलाइ हुनुजस्ता समस्या छन् । दलित, पिछिडिएका, सीमान्तिकृत समुदाय, महिला, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक आदिलाई प्राथमिकतामा राखी सुलभ र सहज न्याय प्रदान गर्ने राज्यको नीति एवम् कार्ययोजनाको उद्देश्य रहे तापनि सो अनुरूप कार्यक्रमहरू कार्यान्वयनमा आउन सकेको पाइँदैन । अदालतसम्मको सहज पहुँच नभएका कारण पहाडी र हिमाली जिल्लाका दुर्गम क्षेत्रका वासिन्दाहरूले कतिपय थिचोमिचो र अन्यायहरूलाई सहेर बस्नुपर्ने, न्यायको लागि महङ्गो मूल्य तिर्नुपर्ने, मुद्दा फैसलाको लागि लामो समय कुर्नुपर्ने बाध्यता अझै पनि छ । मौलिक हकको कार्यान्वयन र नयाँ संविधानबमोजिम बन्नुपर्ने अन्य कानुनहरूको निर्माण र पुराना कानुनहरूको समयसापेक्ष परिमार्जन भइ नसकेकोले कानुन र न्यायको क्षेत्र पनि सङ्क्रमणकालकै अवस्थामा गुज्रिरहेको पाइन्छ ।

**च) वातावरण र दिगो विकास**

प्रत्येक व्यक्तिको स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक अधिकारको संरक्षण

र अन्तर्राष्ट्रिय कानुनहरूको कार्यान्वयन गर्ने कार्ययोजनाको मूलभूत उद्देश्य रहेकोमा वातावरण संरक्षणसम्बन्धी केही ऐन, नियम तथा नीतिहरू तर्जुमा भएका छन् । वातावरणीय सन्तुलन कायम गरी दिगो विकास गर्नको लागि यी कानुनहरूको व्यावहारिक कार्यान्वयन हुन सकेको पाइन्नँ । जथाभावी र अव्यवस्थित सडक निर्माणको कार्यले ग्रामीण क्षेत्रमा भएको भू-क्षय, अव्यवस्थित बस्ती विकास, शहरी क्षेत्रहरूमा बढ्दो सवारी साधन, सडक बिस्तार र उद्योगहरूबाट उत्पन्न वायुप्रदुषण, शहरीकरण र विकास निर्माणको अनुत्तरदायी एवम् जवाफदेहीताको अभाव आदि कारण मानिसको स्वास्थ्यमा दीर्घकालीन असर पुऱ्याएको तर्फ सरकारको गम्भीर ध्यान पुग्न सकेको देखिन्नँ । जलवायु परिवर्तनको असरलाई सम्बोधन गर्न अनुकूलका विषयहरूमा सचेतना जगाउन, जलवायु परिवर्तनका मुद्दाहरूलाई मूल प्रवाहीकरण गर्न सम्बन्धित निकायहरूको ध्यान जान सकेको छैन । यी जिम्मेवार निकायहरूलाई जनउत्तरदायी र उपभोक्तामैत्री बनाउने प्रयास भएको पाइँदैन ।

**छ) महिला, अपाङ्गता, ज्येष्ठ नागरिक र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक**

महिला सशक्तीकरण, ज्येष्ठ नागरिकको अधिकारको रक्षा एवम् सामाजिक सुरक्षा, यौनिक तथा अल्पसङ्ख्यकहरूको अधिकारको संरक्षणमा नीतिगत र संस्थागत सुधारका प्रयासहरू भइरहेको पाइन्छ । संविधानमा उल्लिखित महिला आयोग, दलित आयोग, थारु आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, राष्ट्रिय समावेशी आयोग तथा मुस्लिम आयोग गठनसम्बन्धी विधेयक तर्जुमा भएको छ । यौनिक तथा लैंगिक अल्पसङ्ख्यकहरूलाई पहिचानको आधारमा नागरिकता प्रदान गर्ने कार्यको थालनी भैसकेको छ । ज्येष्ठ नागरिकहरूको साविकको मासिक रु १०००/- भत्तालाई दोव्वर गरिएकोलाई सकारात्मक रूपमा लिइएको छ । नेपाल सरकारले संयुक्त राष्ट्रसङ्घीय प्रस्ताव न. १३२५ र १८२० को कार्यान्वयनको लागि कार्ययोजना बनाई लागू गरेको छ । जसअन्तर्गत अन्तरक्रिया तथा अभिमुखीकरण, द्वन्द्वपीडित महिला तथा बालिकाका लागि सीपमूलक तालिम, सचेतनामूलक कार्यक्रम, क्षमता विकास कार्यक्रम लगायत राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा सघाउ पुग्ने क्रियाकलापहरू सञ्चालन भइरहेको जानकारी शान्ति तथा पुनर्निर्माण मन्त्रालयलबाट प्राप्त भएको छ। मुलुकको राष्ट्र प्रमुख,

व्यवस्थापिका र न्यायपालिका प्रमुखमा हाल महिलाको नेतृत्व स्थापित भएको छ भने संविधान-सभाको पहिलो निर्वाचनमा ३२.८ प्रतिशत र दोस्रो निर्वाचनमा ३० प्रतिशत महिलाहरू निर्वाचित हुन सफल भएका छन् ।

आयोगको अनुगमनबाट प्राप्त तथ्यअनुसार महिला, दलित, ज्येष्ठ नागरिक, अपाङ्ग र यौनिक अल्पसङ्ख्यक लगायत पिछडिएका वर्गहरूमाथि विभेद र वहिष्करणका घटनाहरू अद्यापि जारी छन् । महिलामाथि बढी मात्रामा घरेलु हिंसाका घटनाहरू हुने तर त्यस्ता घटनाहरू प्रहरी र अदालतसम्म न्यूनमात्रामा मात्र पुग्ने, गाउँघरमै मिलाउने र यसरी मिलाउँदा महिला पक्षको न्यायलाई प्राथमिकता नदिइने अवस्था विद्यमान छ । खाद्यान्नको कमी, समयमा औषधोपचार र अस्पतालहरूको सहज पहुँच नभएका कारण सुदूर तथा मध्यपश्चिमका पहाडी र कर्णाली अञ्चलका महिलाहरूले अल्पायुमै ज्यान गुमाउनुपर्ने, दीर्घ रोगी भएर बाँच्नुपर्ने अवस्था छ । मध्य तथा सुदूर पश्चिमाञ्चलमा प्रचलनमा रहेको छाउपडी प्रथाको उन्मूलन नभएका कारण अझै पनि धेरै महिलाहरूको असमयमै मृत्यु भइरहेको अवस्था छ ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण सम्बन्धी विधेयक व्यवस्थापिका संसदमा पेश भएको छ । अपाङ्गमैत्री सार्वजनिक भवन र सडकहरूको निर्माणमा सोच परिवर्तन गर्ने कार्यमा उल्लेखनीय प्रगति हुन सकेको छैन । आयोगले यस सम्बन्धमा पटक-पटक नेपाल सरकारलाई पत्राचार गरी ध्यानाकर्षण गराउँदा समेत बिस्तारित नयाँ सडक तथा भवनहरू अपाङ्गमैत्री हुन सकेका छैनन् । ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य सेवा, यातायातमा दिइने सहुलियत, सबै विकास क्षेत्रमा बृद्धाश्रमको सुविधा प्रदान गर्ने भनिए पनि यसको कार्यान्वयन पक्ष निराशजनक रहेको छ । यौनिक तथा अल्पसङ्ख्यकको पहिचानसहितको नागरिकता तथा राहदानी प्रदान गर्ने सकारात्मक कार्यको शुरुवात भएको छ । यस समूहप्रति समाजले हेर्ने दृष्टिकोणमा सुधार ल्याउन पर्याप्त प्रयासहरू भएको पाइँदैन ।

अल्पसङ्ख्यकहरूको अधिकार संरक्षणका सम्बन्धमा सरकारले उल्लेखनीय कार्य गर्न सकेको पाइएको छैन । धादिङ, मकवानपुर, दैलेख, सिन्धुली, रामेछाप लगायतका जिल्लाहरूमा रहेका अल्पसङ्ख्यक चेपाङ, हायु जातिका

मानिसहरू भूकम्पबाट प्रभावित भएकाछन्। तर उनीहरूमध्ये केहीले हालसम्म नागरिकता नपाए/नलिएको कारण भूकम्प पीडित परिचयपत्र पाउन झन्झट भएको भन्ने पाइयो। त्यस्ता व्यक्तिहरूलाई नागरिकता दिई उनिहरूले पाउने राहतको लागि सहजीकरण गरिदिने तर्फ स्थानीय प्रशासनको ध्यान नगएको देखिन्छ। लोपोन्मूख जातिहरूको संरक्षणको सम्बन्धमा ठोस कार्यक्रमहरू सञ्चालन हुन नसकेको पाइन्छ।

**ज) नेपालको अन्तर्राष्ट्रिय दायित्वको कार्यान्वयन**

मानव अधिकारसम्बन्धी करिब तीन दर्जन जति अन्तर्राष्ट्रिय सन्धिहरूको नेपाल पक्ष राष्ट्र बनेको छ। नौ वटा प्रमुख महासन्धिहरूमध्ये सात वटा महासन्धि तथा अभिसन्धिहरूको अनुमोदनपछि पक्षराष्ट्रको हैसियतले उक्त सन्धिहरूको कार्यान्वयन गर्ने र संयुक्त राष्ट्रसङ्घको सन्धिजनित निकायहरूमा आवधिक प्रतिवेदन पेश गर्नुपर्ने जिम्मेवारी पक्ष राष्ट्रको हुन्छ तर नेपाल सरकार यी दायित्व पूरा गर्न पछि परेको अवस्था छ। राजनीतिक तथा नागरिक अधिकार र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धहरू, र बाल अधिकारसम्बन्धी महासन्धि, र जातीय विभेदसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको आवधिक प्रतिवेदन तोकिएको समयसीमा गुजारी पेश गरेता पनि अन्य प्रमुख महासन्धिहरूको आवधिक प्रतिवेदनहरू पेश गर्न क्रियाशीलताको अभाव देखिन्छ। जेनेभा महासन्धि लगायत मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको कार्यान्वयनको लागि आवश्यक पर्ने घरेलु कानुनहरूको निर्माण र मौजुदा कानूनहरूको सामयिक पुनरावलोकन गर्ने कार्य अद्यावधिक हुन नसकेको अवस्था छ।

मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षाको दोस्रो चक्र, २०१५ मा नेपाल सरकारबाट पेश गर्नुपर्ने राष्ट्रिय प्रतिवेदन तोकिएको समयमा प्रस्तुत भई सो समीक्षाबाट प्राप्त अधिकांश महत्त्वपूर्ण सुझावहरूमा नेपाल सरकारले जनाएको सहमतिलाई सकारात्मक रूपमा लिन सकिन्छ। प्राप्त सुझावहरूको कार्यान्वयनको लागि नेपाल सरकारले तयार गरेको कार्ययोजनाको मस्यौदाले अन्तिम रूप पाउन लागेको पाइएकोले आवधिक समीक्षाको सुझावहरू कार्यान्वयन हुनेमा आशा गर्न सकिन्छ।

**झ) खाद्य सुरक्षा (खाद्य सम्प्रभुता)**

सुदूर पश्चिमका पहाडी जिल्लाहरू, कर्णाली अञ्चल र अन्य पहाडी तथा हिमाली जिल्लाका अति दुर्गम स्थानहरूमा खाद्यान्न सुरक्षाको सुनिश्चिततालाई अझै पनि सरकारले यथेष्ट सम्बोधन गर्न सकेको छैन । गाउँहरूमा भोकमरीको समस्या शुरु भैसकेको अवस्थामा नेपाल सरकारले ती क्षेत्रहरूमा पठाउने गरेको खाद्यान्न समयमै पुग्न सकेको पाइँदैन । पुगेको उपलब्ध खाद्यान्न पनि सर्वसाधारणले किनेर खान सक्ने भन्दा बढी मूल्यको हुने तथा कतिपय समयमा गुणस्तर खस्किएको हुने त्यसक्षेत्रका उपभोक्ताहरूको गुनासो रहेको छ। गुणस्तरयुक्त खाद्यान्नको सर्वसुलभता र उचित मूल्यमा वस्तुको उपलब्धताका लागि बजार अनुगमन कार्य निराशजनक रहेको छ। कृषि तथा स्थानीय जातका पशुपंक्षी तथा बालीनालीको उत्पादन बढाउने कार्य बीउ, बिरुवा तथा बिरुवाजन्य उपजहरूको स्वच्छता पूर्णतः कायम हुन नसकेको स्थिति छ । सरकारले खाद्य स्वच्छताको नियमित रूपमा प्रभावकारी अनुगमन गर्न सकेको देखिँदैन। जलवायु परिवर्तनको असर, युवाहरू वैदेशिक रोजगारीमा जाने गरेकाले कृषि श्रमिकहरूको अभाव साथै मानिसको खाने बानीमा आएको परिर्वतन र स्थानीय उत्पादनलाई बेवास्ता गर्ने लगायतका कारणले जमीन बाँझो रहने तथा कृषि उत्पादनमा ह्रास आई खाद्य सुरक्षाको हकको प्रत्याभूति हुन नसकेको अवस्था छ । बालीबिरुवामा विषादीको प्रयोगमा न्यूनीकरण, गुणस्तरीय कृषि सामग्री र मल, बीउ आदिको समयमै समुचित व्यवस्था गर्दै मानवले स्वस्थ भएर बाँच्न पाउने अधिकारको प्रत्याभूति गर्नको लागि कार्ययोजनामा समेटिएका विविध कार्यक्रमहरूमध्ये केही कार्यहरूमा सरकारले आवश्यक पहलको थालनी गरेको भएता पनि पर्याप्त हुन सकेको छैन । अनियन्त्रित रूपमा विषादीको प्रयोग र त्यसबाट जनस्वास्थ्यमा पर्ने गरेको दुष्प्रभावको सम्बन्धमा पर्याप्त अध्ययन र नियन्त्रणका कार्यहरू हुन सकेका छैनन् ।

**ञ) सङ्क्रमणकालीन न्याय र द्वन्द्वपीडित**

कार्ययोजनाका कार्यक्रमअनुरूप स्थानीय शान्ति समितिहरूको स्थापना, सत्यनिरूपण तथा मेलमिलाप आयोग तथा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगको गठन भएको छ । यी आयोगले

उजुरीहरूको आव्हान गरेपछि कतिपय पीडितहरूमा न्यायको आशा पलाए पनि आयोगहरूले आफ्नो जिम्मेवारी सशक्त रूपमा पूरा गर्ने सवालमा पीडित वर्ग एवम् मानव अधिकार समुदाय विश्वस्त हुने वातावरण अझै सिर्जना गर्न सकेको देखिएन । सत्यनिरूपण र बेपत्ता आयोगमा उजुरी दिने क्रममा केही पीडितहरूले पीडक पक्षबाट धम्की खेप्नुपरेको गुनासो पनि आएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग, सर्वोच्च अदालत, संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालय तथा द्वन्द्वपीडितहरूसमेतले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ अन्तर्राष्ट्रिय मापदण्डबमोजिम नभएको भनी त्यसमा सुधार गर्नुपर्ने उल्लेख गरेपछि नेपाल सरकारले त्यसमाथि संशोधनको तयारी गरेको भनिए तापनि आयोगमा प्राप्त मस्यौदा विधेयक मानव अधिकार र पीडितमैत्री नभएको पाइएको छ । मूल रूपमा ऐनको दफा २६ मा रहेको क्षमादानसम्बन्धी व्यवस्थाले गम्भीर मानव अधिकार हनन्का घटनामा पनि क्षमादान हुन सक्ने तथा दफा २२ बमोजिम मेलमिलाप गराउँदा पीडितको सहमति अनिवार्य नगरिएको लगायतका व्यवस्थाहरू अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम नभएको पाइएको छ । यसका साथै बलपूर्वक बेपता र यातनालाई अपराधीकरण नगरिएको र विद्यमान कानुनमा रहेका हदम्यादसम्बन्धी व्यवस्थाले यातना तथा बलात्कार जस्ता घटनाका दोषीले उन्मुक्ति पाउन सक्ने देखिन्छ । राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार उल्लङ्घनमा संलग्न भएको ठहर गरी नेपाल सरकारलाई कानुनी कारबाही गर्न सिफारिस गरेका द्वन्द्वकालीन घटनाहरूमा पनि आयोगको सिफारिशबमोजिम कानुनी कारवाही नगरी त्यस्ता आरोपित अधिकारीहरूलाई नियुक्ति र पदोन्नतिलगायतको वृत्ति विकासको अवसर दिनुले मुलुकमा दण्डहीनता संस्थागत हुँदै गएको पुष्टि हुन्छ । बिस्तृत शान्ति-सम्झौतामा दुवै पक्षले राजनीतिक मुद्दामात्र फिर्ता लिने प्रतिबद्धता गरेका भए तापनि गम्भीर प्रकृतिका फौजदारी अपराधका मुद्दाहरूसमेत फिर्ता लिइएको पाइएको छ ।

विगतका द्वन्द्वपीडितहरूलाई न्याय दिने सवालमा सरकारले अन्तरिम राहतस्वरूप हालसम्म रु. पाँच लाखसम्म रकम प्रदान गरेको, स्थानीय शान्ति

समितिहरूको गठन लगायत द्वन्द्वोत्तर अवस्थाको व्यवस्थापनमा सहयोग गरेको छ । बारुदी सुरुङ तथा द्वन्द्वकालीन अवशेषहरूको व्यवस्थापन गर्न, द्वन्द्वपीडितलाई पुनःस्थापना तथा पुनःएकीकरण एवम् द्वन्द्वबाट क्षतिग्रस्त भौतिक संरचनाहरूको पुनःनिर्माणको लागि कतिपय जिल्लाहरूमा आवश्यक परामर्श र बैठकका गतिविधिहरूको थालनी भएको छ । यसका बाबजुद् पनि ठोस रूपमा पीडितमैत्री न्याय, पीडिकलाई कानुनी कारबाही तथा द्वन्द्ववाट क्षतिग्रस्त भौतिक संरचनाहरूको पुनर्निर्माण गर्ने कार्य सम्पन्न हुन सकेको छैन । सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूलाई कसरी प्रभावकारी र विश्वसनीय बनाउने भन्ने सम्बन्धमा पर्याप्त संवेदनशीलता देखिएको छैन ।

**ट) मानव अधिकार शिक्षा**

मानव अधिकारसम्बन्धी सचेतना अभिवृद्धि गर्न एवम् पाठचक्रमलाई परिमार्जित र समयसापेक्ष बनाउँदै लैजान विद्यालयको पाठ्यक्रममा मानव अधिकार शिक्षा समावेश गर्ने कार्यको आरम्भ भएको छ । यसैगरी सुरक्षा निकायहरूमा पनि आयोगको संलग्नतामा विभिन्न समयमा मानव अधिकार शिक्षासम्बन्धी सचेतना अभिवृद्धि कार्यक्रमहरूका साथै सरकारी निकायमा कार्यरत कर्मचारीहरूको आचरण र व्यवहार मानव अधिकारमैत्री बनाउन विभिन्न तालिम, गोष्ठी र अन्तरक्रियाहरू न्यून रूपमा सम्पन्न भएका छन् । लोकसेवा आयोगको पाठचक्रममा मानव अधिकारको विषय समावेश गरिएको छ । मानव अधिकार राष्ट्रिय कार्ययोजनाले इङ्गित गरेबमोजिम नेपाल सरकारले विकास योजनामा मानव अधिकारमुखी विकास पद्धति (Human Rights Based Approach to Development)को अवलम्वन र कार्यान्वयन गर्ने प्रणाली स्थापित गर्न सकेको देखिँदैन । यस अवधारणाको बारेमा पर्याप्त अभिमुखिकरणको पनि अभाव रहेको पाइन्छ । नेपाल सरकारबाट तर्जुमा हुने वार्षिक बजेटमा लैङ्गिक संवेदनशीलतालाई ख्याल गरिएको पाइँदैन ।

**ठ. समावेशी विकास**

राज्यले समावेशी विकासको अवधारणालाई अवलम्बन गरेको छ । यस अवधारणाबमोजिम क्रमशः नीति तथा कार्यक्रम निर्माण भइरहेका

र कार्यान्वयनको अवस्थामा पनि छन् । यो सिद्धान्त राज्यका कतिपय महत्वपूर्ण निर्णयको अवस्थामा र संरचनागत रूपमा अझै पनि पूर्णतः लागू हुन नसकेको स्पष्ट छ । आदिवासी, जनजाति, महिला, दलित, पिछडिएको वर्गहरूको अधिकारको संरक्षणको लागि केही कार्यक्रमहरू भइरहेका छन् । अन्तर्राष्ट्रिय मानव अधिकार सिद्धान्त र मापदण्डअनुसार कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्ने तथा नयाँ कानूनको निर्माण गर्ने कार्ययोजनाको उद्देश्यअनुरूप अब बन्ने कानूनहरूमा यी सबै वर्गको हक -अधिकारहरूलाई विशेष रूपले समेट्नुपर्ने आवश्यकता छ । आईएलओ अभिसन्धि १६९ पारित भएको करिब १० वर्ष पूरा हुन लागिसक्दा पनि यसको कार्यान्वयनको लागि तयार भएको राष्ट्रिय कार्ययोजनालाई नेपाल सरकारबाट अझै अनुमोदन हुन सकेको छैन । राज्यको समावेशी नीति सार्थक रूपमा व्यवहारमा देखिन सकेको छैन ।

सुदूरपश्चिमका अछाम, डोटी, बाजुरा, बैतडी, दार्चुला मध्य तथा पूर्वी पहाडी जिल्ला तथा तराईका दलित समुदायका व्यक्तिहरूले अद्यापि भेदभावको मार खेप्नुपरेको अवस्था छ । समाजमा विद्यमान भेदभावको प्रचलनलाई निर्मूलीकरण गर्नको लागि भएका प्रयासहरू अपर्याप्त रहेको पाइएको छ । संविधान र ऐननियमहरूले गरेको अनिवार्य समावेशीताको प्रावधानबमोजिम महिला, दलित तथा पिछडिएका वर्गको प्रतिनिधित्व गराइए पनि निर्णायक भूमिकाबाट वञ्चित गराउने गरिएको गुनासो आएको छ । विशेषतः यस प्रकृतिको गुनासो खोटाङ, भोजपुर, तेह्रथुम, पाँचथर, डोटी, बाजुरा, दार्चुला लगायतका जिल्लाहरूमा भएको आयोगको अनुगमनको क्रममा उपस्थित महिला, जनजाति, दलित समुदाय तथा पिछडिएका वर्गहरूबाट व्यक्त भएको थियो ।

आदिवासी समुदायलाई मूल प्रवाहीकरण गर्नको लागि समावेशी विकास प्रणालीले सार्थकता पाउन सकेको छैन । लोपोन्मुख तथा अति सिमान्तकृत समुदाय, जस्तै-राउटे, चेपाङ, मेचे आदिलाई राज्यले बासस्थान लगायत रोजगारमूलक व्यावसायिक कार्यक्रमहरूको व्यवस्था गर्न नसकेकाले अझै पनि ती समुदायका केही परिवारहरू खुला आकाशमुनि वा ओढारमा बस्न बाध्य भएका छन् ।

**ड) बालबालिका (बालबालिकाको अधिकार संरक्षण, विकास र बाल न्याय)**

सबै विकास क्षेत्रमा पाँच वर्षभित्र बाल सुधारगृह निर्माण गर्ने कार्ययोजनाको उद्देश्य रहेको छ । काठमाडौं र पोखरामा सुधारगृह सञ्चालनमा छन् भने नेपालगञ्जमा निर्माण भइसकेको भए पनि प्रशासनिक र आन्तरिक कारणहरूले सञ्चालन हुन नसकेको अवस्था छ। सशस्त्र फौज वा समूहमा आबद्ध तथा सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको हक-हित संरक्षण गर्नको लागि एकीकृत रूपमा कार्यक्रम सञ्चालन गरी समाजमा पुनःर्स्थापन एवम् पुनःएकीकरण गर्ने कार्ययोजनाको अर्को उद्देश्य हो । यस विषयमा पर्याप्त सम्बोधन हुन नसक्दा द्वन्द्वको समयमा विद्रोही सेनामा प्रयोग गरिएका बालबालिकाहरूको अझै पनि उचित पुनःस्थापना हुन सकेको छैन। अझै पनि ४,००९ जना बर्हिगमित लडाकुहरू लामो समयदेखि विभिन्न मागहरू राखी आन्दोलनरत छन् ।

भूकम्पपछिको अवस्थामा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारमा व्यापक वृद्धि हुन पुग्यो । निकृष्ट प्रकृतिका लगायत सबै प्रकारका बालश्रमलाई प्राथमिकताका साथ उन्मूलन गर्ने कार्ययोजनाको उद्देश्य परिपूर्ति गर्नको लागि बालश्रम प्रयोग गर्ने, गराउने विरुद्ध कानुनी कारबाही गर्ने कार्य प्रभावकारी रूपमा अगाडि बढ्न सकेको देखिँदैन। महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट प्रकाशित नेपालमा बालबालिकाको स्थिति २०७३, प्रतिवेदनमा उल्लेख भएअनुसार काठमाडौं उपत्यकामा रहेका इँटा उद्योगमा मात्र १३ हजार ७१५ बालबालिका बालश्रममा रहेको र उपत्यका बाहिर १४ हजार ६१८ जना बालश्रमिक कार्यरत रहेका छन् । अनिकाल, गरिबी, कुपोषण, बालविवाह, आदिले डोटी, बझाङ, दार्चुला एवम् बाजुरा जिल्ला लगायत कर्णाली अञ्चलका बालबालिकाहरू आफ्ना अधिकार प्राप्तिबाट वञ्चित हुनुपरेको आयोगको अनुगमनवाट देखिएको छ। पहाडी जिल्लाका दुर्गम भेगका बालबालिकाहरू आफ्नो घर र विद्यालयबीचको भौगोलिक दुरीकै कारण विद्यालय जानबाट वञ्चित हुन पुगेका छन् । भूकम्पपश्चात् आवश्यक भौतिक संरचना विनाश हुन गई पुनर्निर्माणसमेत हुन नसक्दा पनि यो वञ्चितीकरणको मात्रा बढेको छ।

राजनीतिक दलहरूको अभिष्ट पूरा गर्न समय समयमा आहवान हुने विभिन्न आन्दोलनहरूमा बालबालिकाको प्रयोग रोकिएको छैन ।

बालबालिकासमेतलाई प्रयोग गरी आन्दोलनहरू सफल बनाउने तर सत्तामा पुगेपछि बालबालिकाको हितमा हुने कार्यक्रमहरू बनाई उनीहरूको विकास तथा संरक्षण गर्नेतर्फ राजनीतिक दलहरू गम्भीर भएको पाइन्नँ । बालबालिकाले बिहोर्दै आएका जोखिमहरूको न्यूनीकरण, सडक बालबालिकाको पुनर्स्थापना, बेचबिखन हुनबाट रोकथाम र नियन्त्रण, अवैधरूपमा सञ्चालित बाल गृहहरूको अनुगमन गरी कारबाही प्रकृया अघि बढाउने कार्य पनि सरकारी संयन्त्रहरूबाट पर्याप्त मात्रामा हुन सकेको पाइँदैन ।

**ढ) आवास (शहरी विकास र आवास)**

घरबारविहीन तथा विपन्न व्यक्तिहरूलाई समुचित आवासको व्यवस्था गर्ने भनिएता पनि यससम्बन्धी आवश्यक कानुन बन्न नसक्दा नीति कार्यान्वयन हुन सकेको छैन । बस्ती विकास, सहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२, राष्ट्रिय आवास नीति, २०६८, भू-उपयोग नीति, २०६९, को प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । यसको साथै भूकम्प पीडित र बाढीपीडित तथा अन्य प्राकृतिक प्रकोपबाट पीडितहरूलाई आवास तथा पुनर्वासको व्यवस्था हुन सकेको छैन ।

सुर्खेतका बाढी पीडितहरूलाई न्यूनत्तम गाँसबासको समेत सुनिश्चितता हुन नसक्दा एक जना व्यक्तिले आत्महत्या गरे भने अन्य पीडितहरू गाँसबासको लागि अझै पनि सरकारसँग माग गरिरहेका छन् । ती बाढी पीडितहरूको अवस्थाको अनुगमनपश्चात् आयोगले नेपाल सरकारलाई गरेको सिफारिश अझै कार्यान्वयन भएको छैन । यद्यपि, यो प्रतिवेदन तयार भैरहँदा नेपाल सरकारले सुर्खेत लगायतका बाढी पीडितहरूको लागि अवस्था हेरी तीन लाखदेखि साँढे तीन लाख रूपियाँसम्म क्षतिपूर्ति उपलब्ध गराउने भनी मिति २०७३/१०/१० गते निर्णय गरेको छ । भूकम्पबाट क्षतिग्रस्त भएका मध्ये अति प्रभावित १४ जिल्लामा केही बस्ती नै सार्नुपर्ने भनी नेपाल सरकारको सर्भेक्षण प्रतिवेदन पेश भए पनि बस्न अयोग्य बस्तीलाई स्थानान्तरण गरी बस्ती विकासको कार्यक्रम लागू गर्न अझै सकिएको छैन । भूकम्पको क्षतिपश्चात् एकीकृत बस्ती विकासको योजना कार्यान्वयन गर्न सकिने एक अवसर रहेको भए पनि यसतर्फ ठोस

कदम अझै अघि बढ्न सकेको पाइँदैन । यसैगरी, सुकुम्वासी समस्या समाधान हुन नसक्दा घरबारविहीनहरू आवासको अधिकारबाट पूर्णतः वञ्चित हुन पुगेका छन् । कानुनले मोहीयानी हकको समाप्ति गरे पनि मोहियानी हक भएको जग्गा बाँडफाँड गर्न अझै बाँकी नै रहेकाले जग्गामा भएको द्वैध स्वामित्व अन्त्य हुन सकेको छैन ।

**ण) सर्वोच्च अदालतको फैसला र राष्ट्रिय मानव अधिकार आयोगको सिफारिश कार्यान्वयन**

मानव अधिकारको बहाली र न्याय प्राप्तिको लागि भएका सर्वोच्च अदालतका फैसलाहरू तथा राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिसहरूको पूर्ण कार्यान्वयन हुन सकेको छैन । तेस्रो राष्ट्रिय कार्ययोजनाको अन्तसम्म आइपुग्दा आयोगले नेपाल सरकारलाई गरेका सिफारिशमध्ये १४.३ प्रतिशत पूर्ण कार्यान्वयन, ४७.९ प्रतिशत आंशिक कार्यान्वयन र ३७.८ प्रतिशत सिफारिशहरूउपर कुनै सम्बोधन हुन सकेको छैन । आयोगका सिफारिशहरू बढ्दै जाँदा कार्यान्वयनको प्रतिशत घट्दो छ। राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिसहरूको कार्यान्वयनको लगत तयार गर्ने तथा सम्बन्धित निकायहरूलाई कार्यान्वयनका लागि आवश्यक सहयोग गर्ने भन्ने विषयमा सरकारी निकायहरू सहमत भए पनि व्यवहारतः यसको कार्यान्वयनको आँकडा सन्तोषजनक नरहेको तथ्य आयोगका प्रतिवेदनहरूबाट पनि स्पष्ट देखिन्छ । यसका बाबजुद आयोगको सिफारिशबमोजिम मानव अधिकार उल्लङ्घनकर्तालाई मुद्दा चलाउने कानुनी प्रक्रिया मिलाउन आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानुन तथा न्याय मन्त्रालय र महान्यायाधिवक्ताको कार्यालयवीच छलफल भई कानुन सुधारको लागि प्रक्रिया अघि बढेको छ ।

अदालतका फैसलाहरूको कार्यान्वयन नहुँदा करोडौँ रकम बराबरको जरिवाना अझै उठ्न नसकेको, हजारौँ वर्षको कैद सजाय भुक्तान हुन नसकेको, कैद सजाय तोकिएका एक लाख बीस हजार अपराधी अझै फरार रहेको भनी तथ्यहरू सार्वजनिक भएका छन् । यसैगरी, मानव अधिकार उल्लङ्घनबाट पीडितहरूलाई क्षतिपूर्तिस्वरूप आर्थिक रूपमा भुक्तानी दिने विषयमा सरकार सकारात्मक देखिए पनि आयोगको सिफारिश यसतर्फ पनि शत-प्रतिशत कार्यान्वयन भएको पाइन्नँ । नेपाल

सरकारले द्वन्द्वपीडितहरूलाई प्रदान गरेको राहत रकमलाई पनि आयोगको सिफारिसबमोजिमको क्षतिपूर्ति प्रदान गरिएको भनी गणना गर्ने गरिएको तथ्यबाट राहत र क्षतिपूर्तिबीचको भिन्नता छुट्टिदैन । पीडकलाई कानुनी कारबाही गर्ने सन्दर्भमा सरकार अत्यन्तै उदासीन र लाचार देखिएको छ । यसबाट दिन प्रतिदिन दण्डहीनता मौलाएको छ ।

**त) हिरासत तथा कारागार सुधार**

हिरासत तथा कारागारको अवस्था हेर्दा अझै पनि कैदीबन्दीहरू आफ्नो हकअधिकारको उपभोगबाट वञ्चित रहनुपरेको अवस्था छ । अपर्याप्त सरकारी बजेटका कारण हिरासतको भौतिक संरचना मानव अधिकारमैत्री हुन सकेका छैनन् । कारागारको भौतिक संरचना जीर्ण भएको कारण भूकम्पबाट काठमाडौंको नख्खु कारागारमा १७ जना कैदीहरूको ज्यान गएको थियो । देशका अन्य कारागारहरू पनि भत्किएर कैदीबन्दीहरू घाइते हुनुको साथै कतिपय कारागारहरू बस्नै नहुने स्थितिमा रहेका छन् । कारागार तथा हिरासत सुधारको लागि राष्ट्रिय मानव अधिकार आयोगले देशका विभिन्न जिल्लाहरूमा रहेका कारागारहरूको अनुगमन गरी नेपाल सरकारलाई पटक पटक दिएका सुझावहरू, नेपाल सरकारद्वारा गठित कारागार सुधार समितिहरूले दिएका प्रतिवेदनहरूको कार्यान्वयन नभएका कारण मुलुकका अधिकांश कारागारहरू जीर्ण, असुरक्षित र भवनको क्षमताभन्दा दोब्बर तेब्बर बढी कैदी-बन्दीहरू कोचिएर राखिएको पाइएको छ । नयाँ बनेको खोटाङ जिल्लाको कारागार भवन पनि पहिरोबाट गम्भीर रूपमा जोखिममा परेको कारण कारागारका कैदीबन्दीहरूलाई अन्यत्र सार्नुपर्ने स्थिति उत्पन्न भएको छ। हिरासतमा यातना दिइने प्रवृत्तिमा केही कमी आए पनि अझै निमिटचान्न भने हुन सकेको छैन ।

**थ) संस्थागत सुदृढीकरण**

राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय मुस्लिम आयोगलाई साधन सम्पन्न र सुदृढ बनाउने तर्फ सरकारको केही ध्यान गएको भएता पनि पर्याप्त भने मान्न सकिन्नँ । उपेक्षित र उत्पीडित समुदायको मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि नयाँ संविधानबमोजिम गठन हुनुपर्ने नयाँ आयोगहरू हालसम्म अस्तित्वमा आउन सकेका छैनन् । यी आयोगहरूको कानुन

मस्यौदाको क्रममा नै रहेको छ । राष्ट्रिय दलित आयोग ऐन लगायत अन्य विषयगत आयोगहरूलाई संवैधानिक हैसियत प्रदान भए पनि ती आयोगहरूको सम्बन्धमा बनेका छुट्टाछुट्टै विधेयकहरू हालसम्म पारित भएका छैनन् । अदालतको फैसलाबमोजिम राष्ट्रिय मानव अधिकार आयोग ऐनमा गर्नुपर्ने संशोधन हालसम्म हुन सकेको छैन । राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग लगायत संवैधानिक निकायहरू लामो समयसम्म पदाधिकारीविहीन अवस्थामा रहनुपरेकोले यी संस्थाको सुदृढीकरणमा सरकारको उदासीनता देखिने गरेको छ ।

आदिवासी/जनजातिहरूको मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, वादी समुदायको मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि वादी समुदाय उत्थान विकास समिति, उपेक्षित र उत्पीडित समुदायको मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति लगायतका समितिहरूले पर्याप्त स्रोतसाधनको अभावमा आफ्ना गतिविधिहरूलाई प्रभावकारी रूपमा अगाडि बढाउन सकेका छैनन् ।

## ४. कार्ययोजना कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीहरू

क) कार्ययोजना पुस्तिका सबै जिल्ला र सबै सरकारी कार्यालयमा नपुगेको, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेवसाइटमा पनि लामो समयपछि मात्र नेपाली भाषाको कार्ययोजनाको प्रति राखिएको, कार्यान्वयन अधिकारीहरूबाट यसको अध्ययन नै नभएको साथै अन्य सरोकारवालाहरू पनि सुसूचित हुन नसकेको स्थिति छ ।

ख) मानव अधिकार राष्ट्रिय कार्ययोजना नेपाल सरकारले मानव अधिकार प्रतिको प्रतिबद्धता देखाउनको लागि मात्र बनाएको, बाध्यात्मक रूपमा कार्यान्वयन गर्नुपर्ने विषय नभएको भन्ने कतिपय कार्यान्वयन अधिकारीहरूको बुझाइ रहेको छ । कतिपय सरकारी अधिकारीहरूमा भने यो कार्ययोजना राष्ट्रिय मानव अधिकार आयोगले बनाएको हो र आयोगले नै कार्यान्वयन गर्नु-गराउनुपर्ने हो भन्ने भ्रम रहेकोले यसलाई प्राथमिकतामा नराखिएको र सरकारी निकायहरूले यसको स्वामित्व नलिएको पाइएको छ । साथै यस कार्ययोजना कार्यान्वयनलाई

थप कार्यबोझको रूपमा जिल्लास्थित सरकारी कार्यालयहरूले लिएको अवस्था छ ।

ग) कार्ययोजनाको कार्यान्वयन र यसको आवधिक प्रतिवेदनको लागि कम्तिमा पनि सबै जिल्ला प्रशासन कार्यालयहरूमा थप जनशक्ति र आर्थिक स्रोतको आवश्यकता देखिन्छ । कार्ययोजना कार्यान्वयन र समन्वयको लागि प्रत्येक जिल्लालाई रु. १,००,०००/- उपलब्ध गराउने निर्णय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट भए तापनि सो रकम सबै जिल्लामा पुग्न नसकेको पाइएको छ ।

घ) प्रतिवेदनमा एकरूपताको लागि प्रतिवेदनको ढाँचा बनाई केन्द्रबाट सबैतिर पठाइनुपर्ने, अनुगमनकारी निकायको लागि रुजुसूची (चेकलिष्ट) तथा सूचकहरूको निर्माण र वितरण गर्नुपर्ने आवश्यकता देखिन्छ ।

ङ) विकाससम्बन्धी कामहरू लगायत सरकारी कार्यालयहरूका हरेक काममा मानव अधिकारमुखी पद्धतिको अवलम्बन गर्न-गराउन नसकेको, सरकारी अधिकारीहरूमा अझै पनि आफूलाई शासक र सेवाग्राहीलाई शासित ठान्ने प्रवृतिमा आशातित परिवर्तन आउन नसकेको स्थितिमा व्यापक सुधारको खाँचो देखिन्छ ।

च) मानव अधिकार राष्ट्रिय कार्ययोजनाको बारेमा हालसम्म सरकारी तवरबाट पर्याप्त अभिमुखीकरण गर्ने कार्य हुन नसकेकोले यसको कार्यान्वयन र आवधिक प्रतिवेदनमा अन्यौलको स्थिति देखिएको छ ।

छ) नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा रहेको अनुगमन र समन्वयको जिम्मेवारी बोकेको केन्द्रीय समन्वय तथा अनुगमन समिति नै निष्क्रिय रहेको पाइएकोले जिल्ला जिल्लामा कार्ययोजना कार्यान्वयनमा सुस्पष्टता आउन सकेको देखिँदैन ।

ज) मुलुक सङ्घीय संरचनामा रूपान्तरित भएको सन्दर्भमा कार्ययोजना कार्यान्वयन के-कसरी गर्ने भन्ने बारेमा अध्ययन गरी कार्ययोजनामा आवश्यक परिमार्जन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

# परिच्छेद-तीन

# निष्कर्ष र सुझावहरू

१. **निष्कर्ष :**

सन् १९९३ को भियनामा सम्पन्न राष्ट्रसङ्घीय विश्व मानव अधिकार सम्मेलनले गरेको आव्हानपछि नेपालमा मानव अधिकार राष्ट्रिय कार्ययोजना २०६१ सालबाट तर्जुमा गरी लागू गर्न थालियो । हाल चौथो पञ्चवर्षीय राष्ट्रिय कार्ययोजना २०७१/०७२-०७५/०७६ कार्यान्वयनको चरणमा रहेको छ। विगतका कार्ययोजनाहरूका कमजोर पक्षहरूमा समेत सुधार गरी मानव अधिकारका मुद्दालाई राज्यले कसरी सम्बोधन गर्दछ र गरिरहेको छ भन्ने सन्दर्भलाई यस कार्ययोजनामा बिस्तृत रूपमा समेटिएको छ ।

मानव अधिकार राष्ट्रिय कार्ययोजना नेपाल सरकारको मानव अधिकारप्रतिको प्रतिबद्धतास्वरूप विकास भएको दृष्टिकोण हो । यस कार्ययोजना मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूका विषयवस्तुहरू, सन्धिजनित निकायका सिफारिसहरूसमेतको सम्बोधन हुने गरी तयार पारिएको हुनाले यसको प्रभावकारी कार्यान्वयनमा सरकारी अधिकारीहरू नै बढी जिम्मेवार हुनुपर्ने कुरामा मतान्तर हुन सक्दैन ।

मुलुकका अधिकांश जिल्लाहरूमा राष्ट्रिय कार्ययोजनाको कार्यन्वयनको सन्दर्भमा आयोगले गरेको अनुगमनबाट प्राप्त तथ्यअनुसार विगतको तुलनामा समग्रमा मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनमा सकारात्मक परिणामहरू देख्न सकिन्छ। समग्रतामा हेर्दा नागरिकका अधिकारहरू र आफ्नो दायित्वप्रति सरकारका निकायहरू सजग हुँदै गएको अवस्था छ। मानव अधिकार शिक्षामा व्यापकता, साक्षरताको दरमा वृद्धि, वातावरण र विकासमा सचेतना वृद्धि, घरेलु तथा महिला हिंसाका घटनाहरूको उजागर, द्वन्द्वपीडितहरूले सरकारबाट थोरै भए पनि अन्तरिम राहत प्राप्ति एवम् संस्थागत सुधारका कामहरूले गति लिँदै गएको अवस्था छ ।

यी सकारात्मक सवालका बाबजुद् पनि शिक्षामा समान र सहज पहुँचबाट दुर्गम क्षेत्रका बालबालिकाहरू वञ्चित, कक्षा छोडी श्रम गर्नुपर्ने बाध्यता, रोजगारीको लागि तेस्रो मुलुकका साथै भारतको दिल्ली, मुम्बइ र चीनको

ल्हासा लगायतका ठाउँहरूमा जानुपरेको अवस्था छ । युवाहरूको ठूलै सङ्ख्या वैदेशिक रोजगारीको लागि तेस्रो मुलुकमा पलायन, सुकुम्बासी समस्या विद्यमान, समावेशी विकासको नारा केवल औपचारिकतामा सीमित, महिला, दलित पिछडिएका जातजातिहरूको अर्थपूर्ण सहभागिताबाट वञ्चित हुनु/गराइनुबाट कार्ययोजनाको कार्यान्वयन प्रभावकारी हुन नसकेको देखिन्छ । सुदूर पश्चिमका डोटी, अछाम, बझाङ, बाजुरा, दार्चुला, मध्यपश्चिम्का कर्णाली अञ्चलका जिल्लाहरू तथा अन्य पहाडी भेगका दुर्गम क्षेत्रहरूमा खाद्यान्न अभाव, स्वास्थ्य चेतना कमी, औषधी र चिकित्सकहरूको अनुपलब्धताको स्थिति छ । महिला, अपाङ्गता, ज्येष्ठ नागरिक र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरू प्रति हुने/गरिने भेदभावले पनि कार्ययोजनाको उद्देश्य प्राप्तिमा अझै धेरै काम गर्न बाँकी रहेको देखिन्छ ।

नेपाल पक्षराष्ट्र भएका मानव अधिकारसम्बन्धी महासन्धि तथा अभिसन्धिहरूको कार्यान्वयन एवम् आवधिक प्रतिवेदनको जिम्मेवारी पूरा गर्न नेपाल सरकार पछि परेको अवस्था छ । राजनीतिक तथा नागरिक र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धहरू र बाल अधिकासम्बन्धी महासन्धिको आवधिक प्रतिवेदन समय नाघी पेश गरे पनि अन्य प्रमुख महासन्धिहरूको आवधिक प्रतिवेदनहरू पेश गर्ने काममा नेपाल सरकारको सक्रियता पर्याप्त रहेको देखिन्नँ ।

विगतका द्वन्द्वपीडितहरूलाई न्याय दिने सवालमा सरकारले अन्तरिम राहतस्वरूप रु. पाँच लाखसम्म रकम दिएको, स्थानीय शान्ति समितिहरू एवम् सत्यनिरूपण आयोग र व्यक्ति बेपत्ता छानबिन आयोग गठन भएका छन् । हालसालै गठन भएका सत्यनिरूपण आयोग र व्यक्ति बेपत्ता छानबिन आयोगले उजुरीहरूको आह्वान गरेपछि कतिपय पीडितहरूमा न्यायको आशा पलाए पनि आयोगहरूले आफ्नो जिम्मेवारी सशक्त रूपमा पूरा गर्ने सवालमा पीडित एवम् मानव अधिकार समुदाय विश्वस्त हुन सकेको स्थिति छैन । उजुरी दिने क्रममा केही पीडितहरूले पीडक पक्षबाट धम्की खेप्नुपरेको गुनासो पनि आएको छ ।

मानव अधिकारको बहाली र न्याय प्राप्तिको लागि भएका सर्वोच्च अदालतका फैसलाहरू तथा राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिशहरूको पूर्ण कार्यान्वयन हुन सकेको छैन । मानव अधिकार उल्लङ्घनबाट पीडितहरूलाई

क्षतिपूर्ति दिने कुरामा सरकार केही लचक भए पनि पीडकलाई कारबाही गर्ने कुरामा अत्यन्तै उदासीन रहेको पाइएको छ। हिरासत तथा कारागारको अवस्था हेर्दा अझै पनि कैदीबन्दीहरू आफ्नो हक अधिकारको उपभोगबाट वञ्चित हुनुपरेको अवस्था छ । हिरासतमा यातना दिइने प्रवृत्ति केही घटे पनि शून्यमा झर्न सकेको छैन ।

मानव अधिकार राष्ट्रिय कार्ययोजनाले समेटेका विषयहरूमा समयसिमाभित्र नै कार्यान्वयन गर्नको लागि कुनै एक निकाय वा केही व्यक्तिहरूको मात्रै तदारुकताले केही हुन सक्दैन । यसको लागि जिम्मेवार भनेर तोकिएका सम्पूर्ण निकायहरूको सहकार्य, सहभावना हुनु उत्तिकै जरुरी छ । सबै क्षेत्रबाट मानव अधिकारको अवस्थामा सुधार ल्याउन मानव अधिकार राष्ट्रिय कार्ययोजनालाई गम्भीरताका साथ लिनु जरुरी छ । कागजी रूपमा मात्र उल्लिखित भएका नीतिगत व्यवस्था र कार्ययोजनाले नागरिकका हकअधिकार तथा मानव अधिकारको सम्मान, संरक्षण र प्रत्याभूति सम्भव छैन । अत. नागरिकहरूका आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूलाई सुनिश्चित गर्न कार्ययोजनामा रहेका कार्यक्रम तथा गतिविधिहरूको कार्यान्वयनबाट समेत प्रत्याभूत हुने हुँदा राज्यले यसको पूर्ण कार्यान्वयन गरी नागरिकका हक-अधिकारहरू सुनिश्चित गर्नुपर्ने देखिन्छ ।

## २. सुझाव तथा सिफारिशहरू

चौथो पञ्च वर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजनाको सफल कार्यन्वयनका लागि नेपाल सरकारले निम्नानुसारका सुझावहरूलाई अनुशरण गर्नुपर्ने देखिन्छः

- मानव अधिकार राष्ट्रिय कार्ययोजनाको बारेमा स्थानीय स्तरमा जिल्लास्तरीय समितिका पदाधिकारी र कार्यान्वयन अधिकारीहरूलाई तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू अविलम्ब सञ्चालन गर्न/गराउन,
- कार्ययोजनाको केन्द्रीय समन्वय तथा अनुगमन समितिलाई सक्रिय बनाई समितिको नियमित बैठक र अनुगमनको कार्यलाई तीब्र बनाउन,
- कार्ययोजना कार्यान्वयन र आवधिक प्रतिवेदनको लागि जिम्मेवार सबै मन्त्रालयहरू र जिल्लास्थित सरकारी कार्यालयहरूमा एक-एक जना सम्पर्क व्यक्ति तोकी कार्य गर्न/गराउन,

- नेपाल सरकारले तयार गरेको मानव अधिकारको राष्ट्रिय कार्ययोजनाको बारेमा सबै जिल्लाका जिम्मेवार सरकारी निकायहरूलाई समयमै जानकारी गरी अनिवार्य कार्यान्वयनको लागि आवश्यक निर्देशन दिन,
- जिल्लाका आवधिक तथा वार्षिक योजनाहरूमा मानव अधिकार राष्ट्रिय कार्ययोजनामा भएका व्यवस्थाहरू समावेश भएको कुरा सुनिश्चित गर्न सबै जिल्लाका सरकारी निकायहरूलाई सूचित गर्न,
- हाल कार्यान्वयनमा रहेको मानव अधिकार राष्ट्रिय कार्ययोजना थप प्रकाशन गरी वितरण गर्न तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेभसाइटमार्फत प्रत्येक जिल्ला र सरकारी कार्यालयहरूमा पुग्ने व्यवस्था गर्न,
- कार्ययोजनाको कार्यान्वयन बाध्यकारी भएको जनाउ दिई जिल्लाहरूबाट प्राप्त आवधिक प्रतिवेदनको सारसङ्क्षेप राष्ट्रिय मानव अधिकार आयोगमा प्रत्येक छ/छ महिनामा पठाउने व्यवस्था मिलाउन,
- मानव अधिकार राष्ट्रिय कार्ययोजनाको बारेमा सरोकारवाला निकाय तथा पदाधिकारी र मानव अधिकारकर्मीहरूको क्षमता अभिवृद्धि कार्यक्रममा आवश्यकताअनुसार राष्ट्रिय मानव अधिकार आयोगसँग समन्वय गर्न,
- कार्ययोजनाको कार्यान्वयनसम्बन्धी आवधिक प्रतिवेदनको लागि सरल ढाँचा तयार गरी सबै जिल्लाका कार्यान्वयन तथा समन्वय समितिहरूमा पठाउन,
- कार्ययोजना कार्यान्वयन र प्रतिवेदनमा आलटाल गर्ने अधिकारीलाई कार्य सम्पादन मूल्याङ्कन तथा विभागीय कारबाहीको दायरामा ल्याउने व्यवस्था मिलाउन र
- कार्ययोजना कार्यान्वयनको सन्दर्भमा मुलुकको सङ्घीय संरचनाको स्वरूपसँग मेल खाने गरी कार्ययोजनालाई परिमार्जन गर्न ।

# कार्यक्रमका केही झलकहरू




कार्ययोजनाको कार्यान्वयन अवस्था अनुगमनको लागि संयन्त्र गठनसम्बन्धी छलफल कार्यक्रम, ललितपुर




कार्ययोजनाको अनुगमन संयन्त्र निर्माण सम्बन्धमा ललितपुरमा भएको कार्यक्रममा धारणा राख्दै आमन्त्रित महानुभावहरू




कार्ययोजना कार्यान्वयनको अवस्था विषयक छलफल कार्यक्रम, विराटनगर




कार्ययोजना कार्यान्वयनको अवस्था विषयक छलफल कार्यक्रम, विराटनगर